कार्यमूलक अध्ययनपत्र २।२०८१

# गैर आवासीय नेपालीको
# आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन
# सम्बन्धी अध्ययन

नेपाल कानून आयोग

नेपाल कानून आयोग
२०८१
नेपाल संवत् ११४४

# विषयसूची


भाग १ ........................................................ १

परिचय ........................................................ १

भाग २ ........................................................ ५

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान ........................................................ ५

भाग ३ ........................................................ ९

गैर आवासीय व्यक्तिको सम्बन्धमा विदेशी राष्ट्रको कानूनी व्यवस्था ........................................................ ९

भाग ४ ........................................................ १७

गैर आवासीय नेपालीका अधिकार ........................................................ १७

भाग ५ ........................................................ २१

गैर आवासीय नेपालीका राष्ट्रिय कानूनी व्यवस्था ........................................................ २१

भाग ६ ........................................................ २९

गैर आवासीय नेपालीहरुको अधिकार कार्यान्वयनमा समस्या र सो को विश्लेषण ........................................................ २९

भाग ७ ........................................................ ३७

निष्कर्ष तथा सुझाव ........................................................ ३७

सन्दर्भ सामग्री ........................................................ ४५

अनुसूची - १ ........................................................ ४९

अनुसूची - २ ........................................................ ५२


नेपाल कानून आयोग

# भाग १
# परिचय

## १.१ पृष्ठभूमि

रोजगारी, अध्ययन, व्यापार-व्यवसाय, स्थायी बसोबास आदिका कारण वैश्विकस्तरमा आप्रवासन एउटा प्रमुख आयामका रूपमा स्थापित भएको छ। विकसित देशहरूमा घट्दो क्रममा रहेको जन्मदरका कारण आवश्यक जनशक्तिको अभाव र विकासशील तथा अल्प विकसित देशहरूमा व्यवसाय गर्ने सकारात्मक वातावरण तथा रोजगारीको अभावका कारण मानिसहरूमा विदेश प्रतिको आकर्षण बढ्दो छ। विकसित देशहरूमा जनशक्तिको माग र अर्को तर्फ रोजगारी लगायताका अवसरको अभाव कारण आप्रवासन प्रक्रिया यो शताब्दीको वैश्विक एजेण्डा भएको छ।

आप्रवासको आयामबाट नेपाल कुनै पनि दृष्टिकोणबाट अलग छैन्। वैदेशिक अध्ययन, रोजगारी, स्थायी आवासीय अनुमति प्रवेशाज्ञा विविधिकरण (डाइभर्सिफाइड भिसा) कार्यक्रम आदिका माध्यमबाट नेपालीहरूको विदेश आप्रवासमा जाने सङ्ख्या उच्च रहेको छ।

विभिन्न प्रयोजनका लागि विदेशी भूमिमा रहे तापनि विभिन्न प्रयोजनका लागि मूल भूमिसँग उनीहरूको सम्बन्ध रहन्छ। खासगरी नेपाली नागरिकको हैसियत समाप्त गरी विदेशी भूमिमा रहेकाहरूका लागि नेपालको कानूनले केही सीमित अधिकार मात्र दिएको छ।

नेपालको संविधानको धारा १४ का आधारमा गैर आवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने उल्लेख छ। यो धाराले दिएको अधिकार (आर्थिक, सामाजिक तथा सांस्कृतिक) प्रयोग गर्न सङ्घीय कानून आवश्यक हुनेछ भनी सोही धारामा नै उल्लेख गरिएको छ। यो धारालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन गरी गैर आवासीय नेपाली नागरिकता दिने प्रावधान गरिए पनि त्यस्तो नागरिकता प्राप्त गर्ने व्यक्तिले अन्य के कस्ता हक अधिकार प्रयोग गर्न पाउँछ भन्ने सन्दर्भमा कानून मौन छ। साथै, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा यस्ता विषयहरू समेटिएको छैन्। गैर आवासीय नेपाली नागरिकले प्रयोग गर्न पाउने अधिकार र त्यसको सीमाका

विषयमा सङ्घीय कानूनको अभावका कारण संवैधानिक हक कार्यान्वयन गर्न कठिनाइ भएको महसुस भएको छ।

नेपालको संविधानले नेपाली नागरिक बाहेक अन्य व्यक्तिहरूलाई प्रदान गरेको संवैधानकि हक अधिकार प्रयोगमा केही सीमा र दायित्व समेत हुने भएकाले यो अधिकारको कार्यान्वयन गर्नका लागि सङ्घीय कानूनमा स्पष्ट व्यवस्था गर्न आवश्यक भएको छ।

आफ्नो वा आफ्नो पितापूर्खाको जन्मभूमिसँगको सम्बन्धलाई ताजगी राख्न र गैर आवासीय नेपालीको नाताले प्राप्त हुने अधिकार र दायित्वलाई कानूनद्वारा नै स्पष्ट गर्न जरूरी भएको छ ।

यो प्रतिवेदनमा गैर आवासीय नेपाली नागरिकाका हैसियतमा प्राप्त आर्थिक सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयनका लागि के कस्तो कानूनी व्यवस्था आवश्यक हुनसक्छ भन्ने विषमा विवेचना गरिनेछ र त्यसका आधारमा नेपाल सरकारले आगामी दिनमा अवलम्बन गर्नुपर्ने सिफारिसहरू प्रस्तुत गरिएको छ ।

## १.२ अध्ययनको आवश्यकता र उद्देश्य

नेपालको सन्दर्भमा विद्यमान कानूनी प्रावधानहरु आफैमा अपर्याप्त भएको तथा भएको कानूनी सुविधाहरु पनि कार्यान्वयनमा जान नसकेको विषय आवासीय नेपाली संगठनले उठाउँदै तत्काल नीतिगत तथा कानूनी सुधारको लागि नेपाल सरकारलाई अनुरोध गर्दै आएको छ। यस सन्दर्भमा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ र गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ बाहेक सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९, अध्यागमन ऐन, २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ आदि प्रचलित नेपाल ऐनहरु, नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय असल अभ्यास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्यायिक दृष्टिकोणसमेतको विश्लेशणात्मक अध्ययन गरी नेपाली मूलको विदेशी नागरिकलाई प्रदान गर्न सकिने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र सोको कार्यान्वयनको लागि गर्नु पर्ने कानूनी व्यवस्थाको खोजी गर्न यो अध्ययन आवश्यक रहेको छ।



नेपाल कानून आयोग

यो अध्ययनको उद्देश्य नेपाली मूलको विदेशी नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र सो को कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको समाधानका लागि गर्नुपर्ने कानूनी व्यवस्थाको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक र उपयुक्त सुझाव प्रस्तुत गर्नु हो।

## १.३ अध्ययनको विधि

यो अध्ययनका लागि विदेशी मूलको नागरिकको लागि प्रदान गरिएको अधिकारका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रकाशित अध्ययन सामग्रीहरु, विभिन्न देशहरूले लागू गरेका ऐन—कानून, अन्तराष्ट्रिय सन्धि—सम्झौता, सो विषयसँग सम्बन्धि विविध निकायका वेबसाइट, पुस्तक, प्रतिवेदन लेख आदिलाई तथ्याङ्क तथा सूचनाको स्रोतको रुपमा अङ्गीकार गरिएको छ। यसरी सङ्कलित अध्ययन सामग्री विषय विज्ञहरूसँगको छलफलका आधारमा विश्लेषणात्मक पद्धति अन्तर्गत प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## १.४ अध्ययनको सीमा

अत्यन्त सीमित स्रोत, छोटो समयमा र सीमित जनशक्तिद्वारा यो अध्ययन सम्पन्न गर्नुपर्ने भएकाले यी पक्षहरूले स्वभाविकरूपमा अध्ययनको दायरालाई सीमित बनाएको छ। यसका अतिरिक्त आवश्यक प्राथमिक तथ्याङ्कको अभावले पनि अध्ययन सङ्कुचित भएको छ।

गैर आवासीय नेपालीहरूका समस्यालाई ध्यानमा राखी यस सम्बन्धी नेपालका विद्यमान कानूनी व्यवस्थाहरु, सर्वोच्च अदालतबाट प्रतिपादित निर्देशनहरू, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु, अन्य मुलुकका कानूनी व्यवस्थाहरू तथा नवीनतम असल अभ्यासहरूमा सीमित रही अध्ययन गरिएको छ।

## १.५ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनलाई सात भागमा विभाजन गरिएको छ। पहिलो भागमा अध्ययनको उद्देश्य र आवश्यकता, अध्ययनको विधि तथा सीमा लगायतका विषयहरू समावेश गरिएको छ। दोस्रो भागमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी विषयलाई प्रस्तुत गरिएको छ। गैर आवासीय

व्यक्तिको सम्बन्धमा विदेशी राष्ट्रको कानूनी व्यवस्थाहरू समाविष्ट छन्। भाग चारमा गैर आवासीय नेपालीका अधिकार उल्लेख गरिएको छ। त्यसैगरी गैर आवासीय नेपालीका राष्ट्रिय कानूनी व्यवस्था भाग पाँचमा दिइएको छ। छैटौ भागमा गैर आवासीय नेपालीहरूको अधिकार कार्यान्वयनमा समस्या र सो को विश्लेषण गरिएको छ। भाग सातमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ। अन्त्यमा सन्दर्भ सूची र अनुसूची राखिएका छन्।

नेपाल कानून आयोग

## भाग २

# आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधान

मानव भएको कारणले प्राप्त गर्ने नैसर्गिक मानव अधिकार नागरिक र गैर नागरिक व्यक्ति सबैमा समान हुन्छ। देशको राष्ट्रिय उद्देश्यले पनि गैर नागरिक तथा नागरिकहरूले प्राप्त गर्ने अधिकारमा फरक हुन सक्ने देखिन्छ। देशको नागरिकले र गैर नागरिकले प्राप्त गर्ने राजनीतिक अधिकार, शिक्षाको अधिकार, सामाजिक सुरक्षा वा अन्य अर्थिक अधिकार फरक किसिमको हुन सक्दछ। गैर नागरिक व्यक्तिको आफू स्थाई बासिन्दा भएको देशसँगको सम्बन्ध फरक फरक किसिमको हुन सक्दछ। जस्तै; स्थाई बासिन्दा र आप्रवासी कामदार बिच अधिकारको बाँडफाँड समान हुँदैन। यस्ता फरक हुने विषयहरू राष्ट्रिय उद्देश्य अन्तर्गत राज्यको हितलाई असर गर्ने प्रकृतिका विषयहरू हुन सक्दछन्। फरक फरक उद्देश्यको लागि आफ्नो मूल देश छोडेर विदेशमा गैर नागरिक व्यक्ति भएर बसीरहेको हुँदा अन्तर्राष्ट्रिय स्तरबाट नै गैर नागरिक व्यक्तिको अधिकारको लागि अभियान अघि बढीरहेको छ।[१]

अन्तर्राष्ट्रिय स्तरमा गैर नागरिक व्यक्तिको रूपमा पहिचान भएका केही गैर नागरिक व्यक्तिहरू भने राज्यविहिन समेत हुन्छन्। आफू जन्मिएको देशको नागरिकता प्राप्त नगरेको वा गुमाएको र अन्य देशको नागरिकता प्राप्त गर्न नसक्ने व्यक्तिहरू राज्यविहिन गैर नागरिक हुन्। राज्यविहिन व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न सन् १९५४ को राज्यविहिन व्यक्तिहरूको स्थिति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी र सन् १९६१ को राज्यविहिन व्यक्तिहरूको सङ्ख्यालाई न्यूनिकरण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि छन्।[२] शरणार्थी र शरण आवेदक जस्ता गैर नागरिकको अधिकारको लागि सन् १९५१ मा शरणार्थीको हैसियतसम्बन्धी महासन्धी र सन् १९६७ को आलेखलमा सुरक्षित गरिएको छ। आप्रवासी कामदार र निजको साथमा बसोबास गर्ने परिवार गैर नागरिक व्यक्ति भई

---

[१] OHCHR, *The Rights of Non-citizens*, HR/PUB/06/11, ISBN-13: 978-92-1-154175-5, https://www.ohchr.org/sites/default/files/Documents/Publications/noncitizensen.pdf

[२] https://fwld.org/wp-content/uploads/2023/04/state-obligation-citizenship-Nepali-new.pdf.

बसोवास गर्ने हुँदा, अन्तर्राष्ट्रिय श्रम सङ्गठनले त्यस्ता आप्रवासीहरूको रोजगार, समान हक, सामाजिक सुरक्षा सुनिश्चित गरेको छ।

गैर नागरिकलाई बाँच्न पाउने अधिकार, स्वतन्त्रता र सुरक्षाको अधिकारबाट वञ्चित गर्नुहुँदैन। नजरबन्द गरिएका गैर नागरिकलाई आफ्ना कन्सुलरसँग परामर्श लिन पाउने अधिकार हुन्छ। शरणार्थीलाई आश्रय दिएको देशले निजको देशमा फिर्ता पठाई गैरनिर्वासन गराउन हुँदैन। कानूनी रूपमा गैर नागरिक व्यक्तिको पहिचान प्राप्त गरेका व्यक्तिलाई त्यस्तो स्थाई रूपमा बसोवास गर्ने परिचयपत्र दिँदा प्रष्ट मापदण्ड पूरा गरी दिनुपर्नेहुन्छ। एक देशबाट अर्को देशमा आवतजावत गर्दा प्रवेशाज्ञा कानूनतः प्रदान गर्नुपर्ने हुन्छ। कानूनबमोजिम अनुमति प्राप्त भएको व्यक्तिलाई स्वेच्छाचारी रूपमा देशबाट हटाउन पाइदैन। गैर नागरिक व्यक्तिको गोपनीयता, परिवार, बासस्थानान पनि कुनै किसिमको मनमानी गर्न हुँदैन। यी सबै गैर नागरिक व्यक्तिको अधिकार हुन्। गैर नागरिक लागि अन्तर्राष्ट्रिय सन्धिहरूमा समेत यस्ता अधिकारहरू सुनिश्चित गरिएको छ।

### २.१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८[३] अनुसार मानव परिवारका सबै सदस्य नैसर्गिक स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने व्यवस्था राखिएको छ। घोषणापत्रको धारा १२ मा प्रत्येक व्यक्तिलाई आफ्नो देश लगायत कुनै पनि देश छोड्न पाउने र आफ्नो देश फर्कन पाउने अधिकार उल्लेख गरिएको छ। धारा १५ र धारा १७ ले स्वेच्छाचारी ढङ्गबाट राष्ट्रियता र सम्पत्तिबाट वञ्चित गर्नुबाट संरक्षण गराएको छ। यसरी गैर नागरिक व्यक्तिहरू पनि मानव परिवारको सदस्य भएकाले मानव अधिकारको संरक्षण गर्नुपर्दछ। यस घोषणापत्रको धारा २७ मा प्रत्येक व्यक्तिलाई आफ्नो सांस्कृतिक जीवनमा स्वतन्त्र रूपमा सहभागी हुन पाउने अधिकार उल्लेख भएको छ।

---

[३] United Nations, *The Universal Declaration of Human Rights*, 1948.

## २.२ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६[४]

गैर नागरिकहरूको राजनीतिक अधिकारमा सङ्कुचन भए तापनि नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ मा गैर नागरिक पनि कानूनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार हुने उल्लेख गरिएको छ। यस सम्बन्धमा महासन्धिको धारा २६ कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरुलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिएको छ। माथि उल्लेखित घोषणापत्र जस्तै यस महासन्धिको धारा १२ ले पनि गैर नागरिकलाई पनि कानूनी रुपमा रहेको राष्ट्रको कुनै ईलाकाभित्र आवतजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुने उल्लिखित छ। त्यसैगरी कुनै पनि व्यक्तिलाई आफ्नो देशमा प्रवेश गर्न वञ्चित गर्नु हुँदैन। यस महासन्धिले विदेशमा जन्मिएका व्यक्ति भए तापनि पहिलो पटक आफ्नो राष्ट्रियता जोडिएको देशमा प्रवेश गर्ने अधिकार सुनिश्चित गरेको छ।[५]

## २.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६[६]

यस महासन्धिका पक्ष राष्ट्रहरूले महासन्धिमा उल्लिखित सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गर्ने अन्तर्राष्ट्रिय दायित्व प्रदान गरेको छ। यस महासन्धिको धारा ६ मा प्रत्येक व्यक्तिको रोजगारीको हक, धारा १० मा पारिवारिक हक, र धारा १५ मा सांस्कृतिक जीवनमा सहभागी हुने हक प्रत्याभूति गरेको छ।

---

[४] United Nations, *International Covenant on Civil and Political Rights 1966*, General Assembly Resolution 2200A (XXI), 16th December 1966.

[५] CCPR General Comment No. 27: Article 12 (Freedom of Movement) Adopted at the Sixty-seventh session of the Human Rights Committee, on 2 November 1999 CCPR/C/21/Rev.1/Add.9, General Comment No. 27. (General Comments) (Contained in document CCPR/C/21/Rev.1/Add.9)

[६] United Nations, *International Covenant on Economic, Social and Cultural Rights 1966*, General Assembly Resolution 2200A (XXI), 16th December 1966.

यसरी विभिन्न सन्धि, अन्तर्राष्ट्रिय दस्तावेजहरूमा गैर नागरिक तथा नागरिक लगायत सम्पूर्ण व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षण गरेको पाइएको छ। प्रत्येक व्यक्ति कानूनको दृष्टिमा समान हुन्छन् र कानूनको समान संरक्षणबाट कसैलाई पनि वञ्चित गर्नु गराउनु हुँदैन। गैर नागरिकको बृहत परिभाषा भित्रको एक प्रकृतिको व्यक्ति गैर आवासीय व्यक्ति हो। गैर आवासीय व्यक्तिलाई निज स्थाई रूपमा बसोवास गर्ने देशबाट नागरिक सरहको अधिकार प्राप्त भएको हुन्छ र आफ्नो मूल भएको देशले केही विशेष सुविधा, सहुलियत दिन सक्दछ।

गैर नागरिक र गैर आवासीयमा भिन्नता :

- गैर नागरिक शब्दको अर्थ बृहत छ। यस शब्दावली अन्तर्गत राज्यविहिन, शरणार्थी, शरण आवेदक, रोजगारका लागि विदेशीएका व्यक्ति, प्रवासी पर्दछन्। गैर आवासीय व्यक्ति स्थाई रूपमा बासिन्दा भएको देश बाहिर गैरनागरिक पनि हुन सक्दछ।
- गैर आवासीय व्यक्ति वासस्थानसँग सम्बन्धित हुन्छ। स्थाई रूपमा एक निश्चित देशमा बसोवास गरे तापनि आफ्नो राष्ट्रियताको मूल अन्य देशमा हुन सक्दछ। जन्म देश एउटा भएता पनि आफ्नो राष्ट्रियताले अर्को देशसँग सम्बन्ध राख्न खोज्दछ।

गैर आवासीय व्यक्तिको पनि नागरिक समान स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतबाट स्वच्छ सुनुवाइको हक हुन्छ। गैर आवासीय व्यक्तिको पनि नागरिकताको हक हुन्छ। जाति, धर्म वा लिङ्गको आधारमा भेदभाव विरूद्धको हक हुन्छ। गैर आवासीय व्यक्तिले स्वतन्त्र रूपमा आफ्नो धर्मको अभ्यास गर्न सक्दछ। अल्पसङ्ख्यकको रूपमा हुने गैर आवासीय व्यक्तिहरूलाई विशेष आर्थिक, सामाजिक र सांस्कृतिक हक प्रदान गर्नुपर्छ। उचित स्वास्थ्य सेवा, शिक्षा तथा आवासको सुरक्षा, सामाजिक सुरक्षा पनि सुनिश्चित गर्नुपर्दछ। नागरिकको हकमा मात्र यी अधिकार सीमित हुँदैनन्। खासगरी गैर आवासीय व्यक्तिको हकमा राजनीतिक बाहेकका आर्थिक, सामाजिक र सांस्कृतिक हकहरू उपभोग गर्न पाउनु पर्दछ।

## भाग ३
# गैर आवासीय व्यक्तिको सम्बन्धमा विदेशी राष्ट्रको कानूनी व्यवस्था

विश्वमा उनान्चास प्रतिशत राष्ट्रहरूले दोहोरो नागरिकताको अभ्यास अबलम्बन गरिरहेका छन्। नेपाल समेत गरी एक्काईस प्रतिशत राष्ट्रहरूले भने दोहोरो नागरिकता प्रदान गरेका छैनन्।[७] राष्ट्रले नागरिकता कस्तो शर्त पालना गरेको व्यक्तिलाई दिने भन्ने विषय उक्त राष्ट्रको आत्मनिर्णयको हकसँग सम्बन्धित हुन्छ। दोहोरो नागरिकता प्रदान नगर्ने देशको हकमा गैरआवसीय नागरिकको विषय उल्लेख गरिएको भेटिन सकिन्छ। विश्व व्यापिकरणको बढोत्तरीका कारणले पनि गैर आवासीय व्यक्तिको सङ्ख्यामा वृद्धि भइरहेको हुँदा विदेशी राष्ट्रहरूले यी विषयलाई कसरी कानूनतः व्यवस्थापन गरिरहेको छ भनी यस भागमा देहायबमोजिम अध्ययन गरिएको छ।

### ३.१ भारत

भारतका गैर आवासीय व्यक्तिहरूलाई दुई प्रकारमा विभाजन गरिएको छ। अर्को देशको नागरिकले कुनै समयमा भारतको नागरिक भएको वा त्यस्तो व्यक्तिको परिवार भारतको नागरिक भएको वा भारतको नागरिकसँग विवाह भएको व्यक्तिलाई नागरिकता ऐन, १९९५ ले भारतका विदेशी नागरिकको परिचयपत्र दिएको देखिन्छ।[८] यस ऐनको दफा ७ख. र मा भारतका विदेशी नागरिकको परिचयपत्र प्राप्त गरेका व्यक्तिलाई दिने अधिकारमा प्रष्ट उल्लेख गरेको छ। जस्तै; यस्तो परिचयपत्र प्राप्त गरेका भारतीयहरूसँग मताधिकार हुँदैन। सरकारी निकायमा रोजगारको मौका पनि दिईदैन। संवैधानिक पद धारण गर्न सक्दैन। यस्तो तरिकाबाट भार तको नागरिकता लिने व्यक्तिहरू सङ्ख्या १८,६८३,६४५ छ।[९]

---

[७] Vink, et. al. (2023). GLOBALCIT Citizenship Law Dataset, v2.0, Global Citizenship Observatory, https://hdl.handle.net/1814/73190.

[८] The Citizenship Act, 1955, Section 7A. Registration of Overseas Citizen of India Cardholder.

[९] Government of India, https://www.mea.gov.in/images/attach/NRIs-and-PIOs_1.pdf.

अर्कोतर्फ गैर आवासीय भारतीय व्यक्तिहरूको सङ्ख्या १३,४५९,१९५ छ।[10] यस्ता व्यक्तिहरूको मताधिकार र रोजगारीको हक नागरिक सरह दिइन्छ। रोजगार, अध्ययन वा अन्य कुनै अवसरका कारणले विदेशीएका नागरिकलाई "प्रवासी भारतीय" को नामले जनाउँछ। जनताको प्रतिनिधित्व ऐन, १९५० मा सन् २०१० मा संशोधन गरी भौतिक रूपमा उपस्थित भएका नागरिकले मताधिकार प्राप्त गर्ने भनी गैर आवासीय भारतीय व्यक्तिहरूको मताधिकार सुरक्षित गरेको छ।[11] भारतको संविधान, १९४९[12] र नागरिकता ऐन, १९५५[13] ले स्वेच्छिक रूपमा विदेशी नागरिकता प्राप्त गर्ने व्यक्तिको भारतको नागरिकता समाप्त हुने उल्लेख गरेको छ।

आयकर ऐन, १९६१[14] ले कर प्रयोजनको लागि गैर आवासीय भारतीय नागरिकलाई परिभाषा गरेको छ। बासिन्दा व्यक्ति जसले गत आय वर्षको अवधिमा १२० दिन वा सोभन्दा बढी भारतमा रहेको र अविच्छिन्न रूपमा ३६५ वा बढी दिनसम्मको अवधिमा रहेकोमा १५ लाख भन्दा बढी कारयोग्य भारतीय आय कमाउने व्यक्ति सम्झनुपर्छ। र यदि १५ लाख सम्म कारयोग्य भारतीय आय कमाउने व्यक्ति भएमा, गैर आवासीय व्यक्ति हुन निज भारतमा रहेको अवधि १८१ दिन कट्नु हुँदैन।

विनिमय व्यवस्थापन ऐन, १९९९[15] मा बासिन्दा व्यक्तिको परिभाषा अन्तर्गत गैर आवासीय भारतीयलाई पनि सम्बोधन गरेको छ। यो ऐनको दफा ६ को उपदफा (४) अन्तर्गत यदि बासिन्दा व्यक्तिले विदेशी मुद्रा, विदेशी धितो वा भारत बहिर अवस्थित कुनै पनि अचल सम्पत्ति भारत बाहिर रहँदा वा आपुतलीमा भारत बाहिर रहने व्यक्तिबाट प्राप्त गरेकोमा सो व्यक्तिले त्यस्तो मुद्रा, धितो वा सम्पत्ति राख्न, स्वामित्व प्राप्त गर्न, हस्तान्तरण गर्न वा लगानी गर्न सक्दछ। त्यसैगरी, ऐनको दफा ६ को उपदफा (५) मा भारत बाहिरको बासिन्दा व्यक्तिले भारतीय मुद्रा, धितो वा भारतमा अवस्थित

---

१० *Ibid.*

११ The Representation of the People Act, 1950, Section 20A. Special Provisions for Citizens of India residing outside India.

१२ Constitution of India, 1949, Article 9. Persons voluntarily acquiring citizenship of a foreign State not to be citizens.

१३ The Citizenship Act, 1955, Section 8, Renunciation of citizenship.

१४ Income Tax Act, 1961, Section 6.

१५ The Foreign Exchange Management Act, 1999.

कुनै पनि अचल सम्पत्ति भारतमा रहँदा वा आपुतलीमा भारतमा रहने व्यक्तिबाट प्राप्त गरेकोमा सो व्यक्तिले त्यस्तो मुद्रा, धितो वा सम्पत्ति राख्न, स्वामित्व प्राप्त गर्न, हस्तान्तरण गर्न वा लगानी गर्न सक्ने सुविधा दिइएको छ।

भारतको केन्द्रीय बैङ्कले जारी गरेको गैर आवासीय भारतीयले खोल्न मिल्ने बैङ्क खाताको विषयक निर्देशिकामा संयुक्त खाता खोल्न सक्ने र परिवर्त्य मुद्रामा समेत खोल्न सक्ने व्यवस्था गरेको छ।[16] कृषि, उब्जनीको प्रयोजनका जमिन बाहेक गैर आवासीय भारतीयले सबै प्रकारका अचल सम्पत्ति प्राप्त गर्न सक्दछन् र प्राप्त गरेको सम्पत्ति बिक्री पनि गर्न सक्दछन्। तर अपुतालीबाट प्राप्त गरिएको अचल सम्पत्ति कृषि, उब्जनीको जमिन पनि हुनसक्दछ। यसरी सम्पत्तिको बिक्री खरिदबाट प्राप्त भएको लगानी फिर्ता लैजानको लागि प्रचलित विनिमय कानूनबमोजिम प्राप्त गरिएको अचल सम्पत्ति खरिद गर्दा विदेशी मुद्रामा बैङ्क मार्फत वा केन्द्रिय बैङ्कले तोकेको खातामा भएको रकम मार्फत खरिद भएको हुन पर्दछ। आवासीय सम्पत्तिको हकमा, त्यस्तो दुई सम्पत्तिबाट प्राप्त भएको लाभ मात्र फिर्ता लान पाइन्छ।[१७]

गैर आवासीय भारतीयले शेयर बजारमा प्राथमिक र दोस्रो बजार दुवैमा लगानी गर्न सकिने व्यवस्था छ। भारतीय प्रतिभूति तथा विनिमय बोर्ड र रिजर्भ बैङ्कले निर्धारण गरेका नियम अनुसार गैर आवासीय भारतीयले धितोपत्रको दोस्रो कारोबार गर्न गैर आवासीय भारतीयले सर्वप्रथम भारतको केन्द्रिय बैङ्कले निर्धारण गरेको कस्टोडिएन बैङ्कमा Portfolio Investment Scheme मा दर्ता हुनुपर्ने, साथै बाणिज्य बैङ्कमा Nonresidential ordinary र Nonresidential external खाता खोल्नुपर्ने व्यवस्था छ। केन्द्रिय बैङ्कले कस्टोडिएन बैङ्कको केही शाखाहरुलाई गैर आवासीयका लागि PIS सञ्चालनको अनुमति प्रदान गरेको देखिन्छ। तत्पश्चात कुनै धितोपत्र दलाल मार्फत् गैर आवासीय भारतीय डिम्याट खाता तथा गैर आवासीय भारतीय ट्रेडिङ्ग खाता खोली NRO/NRE खातासँग आवद्ध गरी दोस्रो बजारमा कारोबार हुने गरेको देखिन्छ। PIS खातालाई गैर आवासीयहरुको डिम्याट तथा ट्रेडिङ्ग खाता सबैसँग

---

[१६] The Reserve Bank of India, https://www.rbi.org.in/commonperson/english/scripts/FAQs.aspx?Id=3.

[१७] Master Circular on Acquisition and Transfer of Immovable Property in India by NRIs/PIOs/Foreign Nationals of Non-Indian Origin, RBI/2011-12/4, Master Circular No.04/2011-12.

आवद्ध गरिन्छ जसलाई केन्द्रिय बैङ्कले नियमित निगरानी गर्ने गर्दछ। गैर आवासीयले NRE खातासँग आवद्ध गरी दोस्रो बजारमा कारोबार गर्दा दलालहरुले प्रचलित कमिशन तथा करहरु कट्टा गरेपश्चात्को रकम सो खातामा जम्मा हुने र उक्त खातामा जम्मा भएको रकम प्रचलित विनिमय दरमा गैर आवासीय व्यक्तिले विप्रेषण गर्न सक्ने देखिन्छ। गैर आवासीय भारतीयहरुले NRO खाता खोलेर दोस्रो बजारमा कारोबार गर्दा त्यस्तो खाताबाट सजिलै रिप्याट्रिएसनको सुविधा उपलब्ध गराइएको छैन। गैर आवासीयहरुको भारतमा कुनै किसिमको आम्दानी छ अथवा उनीहरुले भारतमा नै लगानी गरिरहने प्रयोजनका लागि हो भने NRO खाता मार्फत कारोबार गर्न पाउने व्यवस्था छ। यो आम्दानी उनीहरुले सहजै विदेश लैजान पाउने देखिँदैन। यस प्रकारको खाता प्रयोग गरी गरिएको कारोबार भारतीय केन्द्रिय बैङ्कले वार्षिक १० लाख भा.रु. भन्दा बढी विप्रेषण गर्न नमिल्ने नियम तोकेको पाइएको छ।[१८]

भारतमा धितोपत्रको नियामक निकायले गैर आवासीयले गर्ने लगानीमा पाँच प्रतिशत (कम्पनीको चुक्ता पूँजीको) अधिकतम सीमा निर्धारण गरेको छ जसको अनुगमन केन्द्रीय बैङ्कबाट दैनिक रुपमा हुने देखिन्छ। यदि कुनै गैर आवासीयको लगानी माथिल्लो सीमामा पुगेको खण्डमा केन्द्रीय बैङ्कले प्रेस रिलिज मार्फत् जानकारी गराउने गरेको देखिन्छ। गैर आवासीयको हकमा नियामकबाट केही बन्देजहरु रहेको पाइएको छ। जसमा Intraday कारोबार गर्न नपाइने, Buy Today Sell Tomorrow कारोबार गर्न नपाइने, डिम्याट खातामा धितोपत्र प्राप्त नभएसम्म कारोबार गर्न पाइने तथा कमोडिटिज बजारमा कारोबार गर्न नपाइने आदि व्यवस्थाहरु रहेका छन्।[१९]

गैर आवासीय भारतीयले भारतीय राहदानी प्रयोग गर्ने हुँदा, त्यस्तो व्यक्तिलाई भारतको अध्यागमनमा भिसा आवश्यक हुँदैन।[२०] तर यदि त्यस्तो व्यक्तिले आफ्नो भारतीय नागरिकता परित्याग गरी आफ्नो

---

[१८] गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्राउने सम्बन्धमा अध्ययन गर्न गठित समितिको अध्ययन प्रतिवेदन, पृष्ठ ७-८।

[१९] *Ibid.*

[२०] Government of India, General Policy Guidelines relating to Indian Visa. https://www.mha.gov.in/PDF_Other/AnnexI_01022018.pdf

बासस्थान भएको विदेशी मुलूकको नागरिकता प्राप्त गरी विदेशको भारतीय नागरिक भएमा त्यस्तो व्यक्तिले भारत प्रवेश गर्दा आजिवन प्रवेशाज्ञा जारी गरिन्छ।

## ३.२ बङ्गलादेश

नागरिकता अस्थायी व्यवस्था आदेश, १९७२[२१] को दफा २ख. खण्ड (२) को प्रावधान अनुसार बङ्गलादेशी नागरिकले दोहोरो नागरिकता प्राप्त गर्नसक्नेछ। त्यसका लागि देहायका कागजात संलग्न गरी सम्बन्धित व्यक्तिले गृह मन्त्रालय समक्ष निवेदन दिनसक्ने र सो आधारमा छानबिन गरी नागरिकता प्रदान गरिने व्यवस्था गरिएको छ। मन्त्रालयले उक्त निवेदन प्रहरी प्रतिवेदनको लागि बङ्गलादेशी प्रहरीलाई पठाउँदछ। यसको लागि देहायको कागजात आवश्यक पर्दछ -

(क) राहदानीको प्रतिलिपि

(ख) आवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देशको नागरिकताको प्रमाणपत्र

(ग) बङ्गलादेशी राहदानीको प्रतिलिपि

(घ) नोटरीबाट प्रमाणीत घोषणा

(ङ) बैङ्क भरपाई

(च) जन्मदर्ता (आवेदक विदेशमा जन्मिएको भएमा)

(छ) आवेदकको बुवा वा आमा वा नजिकको नातेदारको नागरिक परिचयपत्र वा राहदानी।

दोहोरो नागरिकता भएको कारणले गैर आवासीय बङ्गलादेशीलाई पनि नागरिक सरह समान अधिकार रहेको छ। गैर आवासीय बङ्गालादेशीलाई बङ्लादेश सरकारले विभिन्न सुविधा तथा सहुलियत प्रदान गरेको छ। गैर आवासीय बङ्गलादेशीहरूले बङ्गलादेशमा प्राथमिक तथा दोस्रो बजार दुवैमा कारोबार गरी बङ्गलादेशी सेयर वा धितो खरिद गर्न पनि सक्दछन्। यसरी बैङ्क तथा

[२१] The Bangladesh Citizenship (Temporary Provisions) Order, 1972 (President's Order), President's Order No. 149 of 1972.

वित्तिय संस्थाहरूमा कारोवार गर्नको लागि केन्द्रिय बैङ्कले गैर आवासीय लागनीकर्ताको लागि टाका खाता (निटा) खोल्ने व्यवस्था गरेको गरेको छ।[२२] गैर आवासीय लगानीकर्ताले सो खातामा विदेशबाट विप्रेषण मार्फत परिवर्त्य विदेशी मुद्रामा पठाउन सक्दछन् तर यस खातामा ऋणको सुविधा हुँदैन।

### ३.३ श्रीलङ्का

श्रीलङ्काको नागरिकता ऐन, १९४८[23] मा नागरिकता प्राप्त गर्ने मापदण्डलाई रेखांकित गरिएको छ। विदेशी मुलुकको नागरिकता प्राप्त गरेको गैर आवासीय श्रीलङ्कन व्यक्तिले ऐनको दफा १९ को उपदफा (२) बमोजिम नागरिकताको पुनर्प्राप्ति वा उपदफा (३) बमोजिम नागरिकताको प्रतिग्रहण गरी श्रीलङ्कामा दोहोरो नागरिकताको लागि सम्बन्धित निकायमा आवेदन पेस गर्न सक्दछन्।

गैर आवासीय श्रीलङ्कनलाई बैङ्क खाता खोल्न, सञ्चालन गर्न र त्यसबाट प्राप्त हुने सुविधाहरूको विषयमा पनि कानूनमा व्यवस्था गरिएको छ। विनिमय नियन्त्रण ऐन, १९५३ र श्रीलङ्काको केन्द्रीय बैङ्कका निर्देशिका अन्तर्गत रही गैर आवासीय श्रीलङ्कनले दुई प्रकारका बैङ्क खाता सञ्चालन गर्न सक्दछन् - गैर आवासीय विदेशी मुद्रा खाता र आवासीय विदेशी मुद्रा खाता।[२४] गैर आवासीय श्रीलङ्कनले गैर आवासीय विदेशी मुद्रा खातामा विदेशमा आर्जन गरेको विदेशी मुद्रा सञ्चित गर्न सक्दछन्। यस खाताले गैर आवासीय श्रीलङ्कनलाई वैदेशिक रोजगार, विप्रेषण वा लगानी मार्फत प्राप्त भएको विदेशको आर्जनलाई श्रीलङ्कन बैङ्कमा विदेशी मुद्रामा राख्न मिल्ने सुविधा प्रदान गरेको छ। आवासीय विदेशी मुद्रा खातामा पनि विदेशी मुद्रा सञ्चित गर्ने हो। तर यसको प्रयोजन भने विदेशमा लामो अवधिसम्म बसी श्रीलङ्का फर्किएका आवासीय श्रीलङ्कनले गर्दछन्। विदेशमा बस्दा आर्जन गरिको सम्पत्तिलाई व्यवस्थापन गर्नका लागि श्रीलङ्का फर्किएका आवासीय श्रीलङ्कनले यो खाता प्रयोग गर्दछन्। श्रीलङ्कामा फर्किई गैर आवासीय श्रीलङ्कन भई अविछिन्न रूपमा कम्तिमा एक वर्ष

---

[२२] Central Bank of Bangladesh, https://www.bb.org.bd/aboutus/regulationguideline/foreignexchange/feguidevol1/14_d.pdf

[२३] https://www.refworld.org/legal/legislation/natlegbod/1948/en/14350 [accessed 2nd May 2024]

[२४] Exchange Control Act No. 24, 1953.

बसेको व्यक्ति मात्र यस्तो खाता खोल्न योग्य हुन्छ। यी दुवै खातामा सञ्चित रकमबाट प्राप्त हुन आउने ब्याज श्रीलङ्कन आयकर र withholding कर मुक्त हुन्छ। यस्तो खाताहरूमा राखिएको रकमलाई बिना कुनै प्रतिबन्ध विनिमय नियन्त्रण निर्देशिका बमोजिम विदेशमा प्रत्यावर्तन गर्न सकिन्छ। यस प्रकारको खाताहरू संयुक्त रूपमा अन्य गैर आवासीय श्रीलङ्कन वा आवासीय श्रीलङ्कनसँग मिलेर सञ्चालन गर्न सकिन्छ। तर यसको लागि केन्द्रीय बैङ्कको अनुमति प्राप्त गर्नुपर्दछ।

गैर आवासीय श्रीलङ्कनले धितोपत्र तथा विनिमय आयोग अन्तर्गत रही श्रीलङ्काको सेयर बजारमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ। गैर आवासीय श्रीलङ्कनले सूचीकृत धितोमा लगानी गर्नको लागि धितोपत्र लगानी खाता खोल्न पर्दछ।[२५] यस खातामार्फत गैर आवासीय श्रीलङ्कनले सेयर कारोबार गर्न सक्दछन्।

विदेशी विनिमय ऐन, २०१७ मा पनि लगानीकर्तालाई प्रत्यावर्तनको लागि कुनै प्रकारको प्रतिबन्ध नगरिएको उल्लेख छ।[२६]

अध्यागमन र आप्रवासन ऐन, १९४८ मा पर्यटक भिसा, व्यापार भिसा, र लगानीकर्ता भिसा सहित गैर आवासीयका लागि उपलब्ध गरिएका भिसाका प्रकारहरू निर्दिष्ट गरिएको छ र श्रीलङ्कामा स्वीकृति भिसा अवधिमा थप समय बस्न चाहने गैर आवासीयका लागि भिसाको समयावधि थप गर्न सकिने व्यवस्था पनि छ।[२७]

## ३.४ फिलिपिन्स

नागरिकताको पूनर्प्राप्ति सम्बन्धी ऐन, २००३ मार्फत फिलिपिनीहरूले दोहोरो नागरिकता प्राप्त गर्न सक्दछन्।[२८] गैर आवासीय फिलिपिनीहरूको लागि सन् १९८० मा फिलिपिनी सरकार अन्तर्गत

[२५] Section 38, Securities and Exchange Commission of Sri Lanka Act No. 36 of 1987.

[२६] Section 8, Foreign Exchange Act No. 12 of 2017.

[२७] Immigrants and Emigrants Act No. 20 of 1948.

[२८] Republic Act No. 9225 (Citizenship Retention and Re-acquisition Act).

Commission on Filipinos Overseas (CFO) गठन गरिएको छ। [२९] यो निकायले गैर आवासीय फिलिपिनीहरूको आफ्नो मूल थलो फिलिपिन्ससँगको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई संरक्षण र प्रवर्द्धन गर्न एउटा फोरमको रूपमा सेवा गरिरहेको छ।

विदेशी लगानी ऐन, १९९१ मा गैर आवासीय फिलिपिनीले धितोपत्र तथा विनिमय आयोगमा दर्ता गरी व्यवसायमा संलग्न हुन सक्ने र व्यापार नियमन तथा उपभोक्ता संरक्षण ब्यूरोमा दर्ता गरी घरेलु उद्यममा लगानी गर्न सक्ने व्यवस्था गरेको छ। [३०] यस ऐनले लगानीकर्ताको लागि लगानी प्रत्यावर्तन पनि सुनिश्चित गरेको छ।

भूतपूर्व फिलिपिन्स नागरिक र निजको परिवारका सदस्यहरूको लागि फिलिपिन्समा भ्रमण गर्नको लागि बालिकबायन विशेषाधिकार भिसाको व्यवस्था गरिएको छ। यस्तो भिसा सुविधाले निजलाई एक वर्षसम्म भिसामुक्त भई फिलिपिन्समा बस्न अनुमति प्रदान गरिएको छ।

[२९] Commission on Filipinos Overseas, https://cfo.gov.ph/.

[३०] Section 5, Foreign Investments Act of 1991 (Republic Act No. 7042).



नेपाल कानून आयोग

## भाग ४
# गैर आवासीय नेपालीका अधिकार

गैर आवासीय नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गिण विकासमा सहभागी गराउन उत्प्रेरित गर्न गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ बनेको छ। यो ऐनमा "गैर आवासीय नेपाली" शब्दावलीले दुई प्रकृतिका गैर आवासीय नेपालीलाई परिभाषित गरिएको छ — नेपाली मूलको विदेशी नागरिक[३१] र विदेशमा बस्ने नेपाली नागरिक[३२]। "नेपाली मूलको विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिको रूपमा परिभाषा गरिएको छ। "विदेशमा बस्ने नेपाली नागरिक" भन्नाले सार्कको सदस्य मुलुकमा बसोवास गरेको, नेपाल सरकारबाट खटीई विदेशस्थित कुटनीतिक नियोग वा महावाणिज्य दुतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक कुनै पेशा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तीमा दुई वर्ष बसोवास गरेको नेपाली नागरिकको रूपमा परिभाषा गरिएको छ।

ऐनमा प्रतिभूति गरिएको गैर आवासीय नेपालीका अधिकारहरू देहायबमोजिम छन्—

(क) गैर आवासीय नेपालीको परिचयपत्र : यो ऐनमा गैर आवासीय नेपालीको अभिलेख बनाई परिचयपत्र दिने व्यवस्था गरिएको छ।[३३] परिचयपत्रप्राप्त गैरआवसीय नेपालीलाई विभिन्न सेवा तथा सहुलियतको व्यवस्थाहरू छन्।

(ख) परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने : परिचयपत्र प्राप्त गैर आवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्ने

---

[३१] दफा २ को उपदफा (ख), गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।

[३२] दफा २ को उपदफा (ग), गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।

[३३] दफा ४, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।

इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्नेछ।[३४]

(ग) परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्ने : गैर आवासीय नेपालीले गैर आवासीय नेपालीको लागि लगानी गर्न खुला गरेको उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपालमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्नेछ।[३५]

(घ) लगानी गर्न सक्ने : नेपाली मूलको विदेशी नागरिकले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउनेछ।[३६] प्रचलित कानून बमोजिम कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरे बापत पाउने सुविधा यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउनेछ।

(ङ) लगानी प्रत्यावर्तनको अधिकार : गैर आवासीय नेपालीले गरेको लगानी र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम निजले परिवर्त्य विदेशी मुद्रामा तोकिए बमोजिम फिर्ता लैजान सक्नेछ।[३७]

(च) कर छुट : गैर आवासीय नेपालीले लगानी गर्दाको पूँजी रकममा, निजको नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा पन्ध्र लाख रुपैयाँमा नबढ्ने गरी नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत र नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिक, परोपकारी, खेलकूद वा दैवी प्रकोपको उद्धार कार्यसँग सम्बन्धित संस्थालाई नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन।[३८]

---

[३४] दफा ६, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।
[३५] दफा ७, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।
[३६] दफा १३, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।
[३७] दफा ९, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।
[३८] दफा १२, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।

(छ) बसोवास गर्नको लागि जग्गा वा अन्य सम्पत्ति खरिद बिक्री गर्न सक्ने : नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोवास गर्नको लागि आफ्नो वा आफ्नो परिवारको निमित्त तोकिएको शर्तको अधीनमा रही तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद बिक्री गर्नसक्ने व्यवस्था छ।[३९] गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम ११ बमोजिम नाम दर्ता भएका नेपाली मूलका विदेशी नागरिकलाई आफ्नो बसोवास वा आफ्नो परिवारको लागि देहाय बमोजिमको क्षेत्रफल नबढ्ने गरी जग्गा वा अचल सम्पत्ति खरिद गर्न सक्ने प्रावधान छ–

(१) काठमाडौं उपत्यकाभित्र बढीमा दुई रोपनी,

(२) तराईका जिल्लाका नगरपालिकाका क्षेत्रभित्र बढीमा आठ कठ्ठा,

(३) खण्ड (१) र (२) बाहेकका अन्य जिल्लाका जिल्लाका नगरपालिकाका क्षेत्रभित्र बढीमा चार रोपनी,

(४) खण्ड (२) बाहेकका तराईका जिल्लाका गाउँ विकास समिति क्षेत्रभित्र बढीमा एक विगाहा, वा

(५) खण्ड (१), (२), (३) र (४) बाहेकको अन्य क्षेत्रमा बढीमा दश रोपनी।

(ज) अपुताली सम्बन्धमा : नेपाली मूलको विदेशी नागरिकको मृत्यु भई अपुताली परेमा र निजको नेपालमा सम्पत्ति भएमा त्यस्तो सम्पत्ति निजको हकवाला परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिक भए निजले पाउनेछ र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिम हुने व्यवस्था छ।[४०]

नेपाल कानून आयोग

---

[३९] दफा १० को उपदफा (३), गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।
[४०] दफा १० को उपदफा (१), गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।

(झ) भिसाको सुविधा : भिसाको अधिकार सम्बन्धी यो ऐनबमोजिम प्रदान गरिएको परिचयपत्रको अवधिभर नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई प्राप्त गरेको भिसाको अधीनमा रही बढिमा दश वर्षसम्म गैर आवासीय भिसा दिने प्रावधान गरिएको छ।[४१]

(ञ) ऐनमा नै उल्लेख गरि गैर आवासीय नेपालीहरु बीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैर आवासीय नेपालीहरुले नेपालभित्र गैर आवासीय नेपाली संघ खोल्न पाउने अधिकार समेत सुनिश्चित गरिएको छ।[४२]

[४१] दफा ११, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।

[४२] दफा १६, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४।



नेपाल कानून आयोग

## भाग ५
# गैर आवासीय नेपालीका राष्ट्रिय कानूनी व्यवस्था

## ५.१ नेपालको संविधान

नेपालको संविधानको धारा १४ मा गैर आवासीय नेपालीलाई "सङ्घीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैर आवासीय नागरिकता प्रदान गर्न सकिने" व्यवस्था गरिएको छ। गैर आवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने राज्य नीति समेत संविधानमा उल्लेख गरिएको छ। नेपालको संविधानमा नेपाली नागरिकलाई मात्र कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने उल्लेख गरिएको छ।[४३]

## ५.२ मौजुदा कानूनी व्यवस्थाहरू

### ५.२.१ नेपाल नागरिकता ऐन, २०६३

यो ऐनमा विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने अधिकार प्रदान गरिएको छ।[४४] यो ऐनमा सबिकमा लिइएको नेपालको नागरिकता लिई नागरिकताको प्रमाणपत्र फिर्ता नबुझाएको अवस्थामा समेत गैर आवासीय नेपाली नागरिकताको प्राप्तिको विषयमा लेखिएको छ।[४५]

### ५.२.२ मुलुकी देवानी संहिता २०७४

[४३] धारा २५, नेपालको संविधान।

[४४] दफा ७क. को उपदफा (१), नेपाल नागरिकता ऐन, २०६३।

[४५] दफा ७क. को उपदफा (३), नेपाल नागरिकता ऐन, २०६३।

संहितामा अन्तर्राष्ट्रिय वैयक्तिक कानून अन्तर्गत गैर आवासीय नेपालीका विषय उजागर भएको छ। नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न पाउने अधिकार नभए तापनि गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम पाउने उल्लेखित छ।[४६] आपुतालीको अधिकारको विषयमा यस संहितामा गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले नेपालभित्रको कुनै अचल सम्पत्ति अंश वा अपुताली प्राप्त भएमा सो सम्पत्ति निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न पाउने उल्लेख गरिएको छ।[४७]

### ५.२.३ विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५

यो ऐनले गैर आवासीय नेपालीलाई पनि विदेशी लगानीकर्ताको रूपमा परिभाषा गरेको छ।[४८] विदेशी लगानीकर्ता समान अधिकारहरू जस्तै; विदेशी लगानीको लागि अधिकतम सीमा तोकिएको छैन।[४९] गैर आवासीय नेपालीले आफ्नो लगानी सम्बन्धी कामको लागि साझेदार लगानीकर्ता र नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कसँग त्रिपक्षीय सम्झौता गर्न सक्दछ।[५०] लगानीकर्ता गैर आवासीय नेपालीले लगानी गर्ने रकम परिवर्त्य विदेशी मुद्रामा ल्याउनुपर्दछ तर भारतीय लगानीकर्ताको हकमा भारतीय मुद्रामा पनि लगानी गर्न सक्दछन्।[५१] गैर आवासीय नेपालीले यसरी गरिएको लगानीको शेयर वा उद्योग पूर्ण वा आंशिक रूपमा बिक्री गरी कानूनतः कर भुक्तान गरी नेपालमा गरेको लगानी र उक्त लगानीबाट आर्जित देहाय बमोजिमको रकम फिर्ता लैजान पाउँदछ[५२]–

(क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम,

---

[४६] दफा ४३२ को उपदफा (१), मुलुकी देवानी संहिता, २०७४।

[४७] दफा ४३३ को उपदफा (१), मुलुकी देवानी संहिता, २०७४।

[४८] दफा २ को खण्ड (ट), विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५।

[४९] दफा १३, विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५।

[५०] दफा १४, विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५।

[५१] दफा १६ को उपदफा (२), विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५।

[५२] दफा २०, विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५।

(ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात् सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम,

(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी) बापतको रकम,

तर शत प्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपयोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम प्रचलित कर बाहेकको कुल बिक्री मूल्यको तोकिए बमोजिमको पाँच प्रतिशतभन्दा बढी हुने छैन।

(ङ) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,

(च) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानूनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त गरेको कुनै हर्जाना वा क्षतिपूर्ति बापतको रकम,

(छ) प्रचलित कानून बमोजिम फिर्ता लैजान पाउने रकम।

### ५.२.४ विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९

यो ऐनमार्फत प्रचलित कानून बमोजिम धितोपत्रमा लगानी गर्न स्वीकृति पाएका गैर आवासीय नेपाली लगानीकर्ताले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रियाबमोजिम धितोपत्रमा गरेको लगानी र सो बापत प्राप्त लाभ वा लाभांश, र ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानी र सोको ब्याज रकम विदेशी मुद्रामा नेपाल बाहिर लैजान वा पठाउन पाउँदछन्। यो सुविधा नेपाल बाहिर बसोबास गर्ने नेपाली नागरिकले नेपालभित्र विदेशी विनिमयमा लगानी गर्न गर्दा पनि उपलब्ध गराइन्छ। गैर आवासीय नेपालीले धितोपत्रको हक हस्तान्तरण गर्न सक्दछन्। यस्तो लगानीकर्ताले गरेको प्रविधि हस्तान्तरण सम्झौतामा उल्लेख भएबमोजिम प्राविधिक शुल्क, रोयल्टी आदि बापतको रकम विदेशमा लैजान वा पठाउन पाउँदछन्।[५३]

---

[५३] दफा १०, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९।

### ५.२.५ अध्यागमन ऐन २०४९ तथा अध्यागमन नियमावली २०५१

विदेशमा बसोबास गर्ने नेपाली मूलका विदेशीले नेपालमा बसोबास गर्न वा व्यापार व्यवसाय वा कुनै विषयमा अध्ययन अध्यापन वा अनुसन्धान गर्न चाहेमा निज र निजको परिवारलाई गैर आवासीय नेपाली भिसा दिन सकिने व्यवस्था छ।[५४] यसरी प्रदान गरिने भिसा अध्यागमन विभाग वा विदेशस्थित नियोगबाट प्राप्त गर्न सकिनेछ। भिसाको अवधि बढीमा दश वर्षसम्मको लागि आवश्यकता अनुसार म्याद थप गर्न सकिने शर्तमा प्रदान गरिन्छ। यस्तो प्रकारको भिसा प्राप्त गर्न पहिलो पटकका लागि गृह मन्त्रालयको स्वीकृतिमा नियोगले वा महानिर्देशकले प्रदान गर्न पर्दछ र नवीकरण महानिर्देशकले गर्नसक्नेछ।[५५]

### ५.२.६ नेपाल राष्ट्र बैङ्कबाट जारी भएको एकीकृत परिपत्र २०८०

यस परिपत्रमा गैर आवासीय नेपालीको नाममा परिवर्त्य विदेशी मुद्रामा मुद्दती निक्षेप र बचत निक्षेप संकलन तथा परिचालन गर्नका लागि खाता खोल्न र सञ्चालन गर्न आवश्यक हुने सर्तहरू उल्लेख गरिएको छ।[५६] त्यस्तो खाता खोल्नका लागि नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त “क” वर्गका बैङ्क तथा राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैङ्कहरूले देहायबमोजिमका कुनै एक कागजातको प्रतिलिपि लिनु पर्नेहुन्छ—

(क) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी भएको गैर—आवासीय नेपालीको अद्यावधिक परिचयपत्र,

(ख) गैर—आवासीय नेपाली संघबाट जारी भएको अद्यावधिक परिचयपत्र र सम्बन्धित व्यक्तिको राहदानी (स्वेदशी वा विदेशी),

---

[५४] नियम १०क., अध्यागमन नियमावली, २०५१।

[५५] नियम १२, अध्यागमन नियमावली, २०५१।

[५६] एकीकृत इ. प्रा. परिपत्र : १७/२०८०, विदेशी मुद्रामा खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्था, विदेशी विनिमय व्यवस्थापन विभाग, नेपाल राष्ट्र बैंक, पृष्ठ १८१-१९५ https://www.nrb.org.np/contents/uploads/2024/01/06-2080-81_2080.09.26_Unified-Circular-2080.pdf.



नेपाल कानून आयोग

(ग) साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको भए विदेशी राहदानी/नागरिकता सहित त्यस्तो प्रमाणित हुने कागजात,

साथै, माथि (क), (ख) वा (ग) उल्लिखित कुनै एक कागजात सहित नाता प्रमाणित हुने कागजातको आधारमा नाबालकको नाममा समेत यस्तो खाता खोल्न तथा सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ।

### ५.२.७ लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) निर्देशिका, २०६७

लगानी व्यवस्थापकले गैर आवासीय नेपालीलाई ग्राहक बनाउने भएमा उनीहरुको तर्फबाट बैङ्क खाता खोल्न तथा सो खाता संचालन गर्न प्रचलित कानून बमोजिम कुनै स्वीकृति लिनुपर्ने भएमा त्यस्तो स्वीकृति लिएर मात्र कार्य संचालन गर्नु पर्ने व्यवस्था गरिएको छ।[५७] यो निर्देशिकामार्फत लगानी व्यवस्थापकले प्रचलित कानूनको अधिनमा रही नेपाल बाहिर रहेका गैर आवासीय नेपालीलाई पनि करार गरी तथा ग्राहक बनाई सेवा प्रदान गर्न सक्ने सुविधा प्रदान गरेको छ।

माथि उल्लिखित ऐन बाहेक अन्य ऐनहरूले पनि गैर आवासीय नेपालीको विषयहरूलाई अप्रत्यक्ष रूपमा सम्बोधन गरेको देखिन्छ। जस्तै; **विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१** ले कुनै पेशा, रोजगार वा व्यवसायको प्रयोजनका लागि विदेशमा बस्ने नेपाली नागरिकलाई विदेशमा लगानी गर्न प्रतिबन्ध गरेको छ।[५८] **भूमि सम्बन्धी ऐन, २०२१** मा जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद तोकिएको छ। यो ऐनमा रहेको जग्गावालाको परिभाषामा गैर आवासीय नेपालीलाई सम्बोधन गर्न आवश्यक देखिएको छ।[५९] **बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३** मा विदेशी लगानी प्रयोग गरी विदेशी बैङ्क वा वित्तीय संस्थाले नेपालमा संस्थापना भएको संगठित

---

[५७] दफा ३, लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) निर्देशिका, २०६७।

[५८] दफा ३, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१।

[५९] दफा ७, भूमि सम्बन्धी ऐन, २०२१।

संस्था वा नेपाली नागरिकसँग मिली संयुक्त लगानीमा वा राष्ट्र बैङ्कले तोके बमोजिमको शेयर स्वामित्व कायम हुने गरी सहायक कम्पनीको रुपमा बैङ्क वा वित्तीय संस्था संस्थापना गर्न स्वीकृति लिन सक्ने व्यवस्था गरेको छ।[६०]

## ५.३ अदालतका आदेश तथा निर्णयहरू

### ५.३.१ अधिवक्ता प्रेमचन्द्र राई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं समेत[६१]

यो मुद्दामा सर्वोच्च अदालतले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार दिनु भनी नेपाल सरकार र निर्वाचन आयोगका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो–

(१) नेपाल सरकारको दायित्व नेपालभित्र बस्ने नेपाली नागरिकमा मात्र सिमित हुँदैन। विदेशमा रहेका सबै नेपाली नागरिकले मतदानको हक उपभोग गरी सरकार गठन प्रक्रियामा सहभागी हुन सहज र सरल वातावरण निर्माण गर्न आवश्यक भएको हुँदा, विभिन्न उद्देश्यले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थापन गर्न ।

(२) विदेशमा बसेका नेपाली नागरिकहरूको विषयमा विवरण अद्यावधिक गर्न आवश्यक छ। विदेशमा बस्ने नेपालीहरूमा नागरिकता त्याग गरेका नेपालीहरूको विवरण आवश्यकता देखिएको छ। यही कारणले गर्दा कस्तो र कति नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित गर्ने हो भन्ने विषयमा प्रष्ट हुन पाइएको छैन। यस्तो आवस्थामा नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागि कानून बमोजिमको उमेर पूरा भई मतदाता परिचयपत्र भएको तथा कूटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको

[६०] दफा ४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३।

[६१] ने.का.प. २०७५, निर्णय नं., १००३९, भाग ६०, अंक ६।

व्यक्तिहरूलाई विदेशमा बसेर पनि मतदानका लागि योग्य मानी सोही अनुसारको व्यवस्था गर्न।

(३) विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गरिएका विभिन्न विधिहरू अभ्यासमा छ। यस्ता अभ्यासहरू गरिरहेका सम्बन्धित निकायसँग परामर्श गरी आवश्यकता अनुसार नमुना मतदान गर्नको लागि उपयुक्त व्यवस्था मिलाउन ।

(४) नेपाली नागरिकहरू विभिन्न देशहरूमा छरिएर रहेका र विदेशी नागरिकलाई आफ्नो भूमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग-अलग देशमा फरक-फरक कानून र नीति हुनसक्ने भएकोले विभिन्न देशहरूका सरकार तथा आवश्यकता अनुसार नेपाली कामदारहरू कार्यरत रोजगारदाता कम्पनीहरूसँग आवश्यक कूटनीतिक पहल गर्न ।

(५) मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक तथा प्रजातान्त्रिक अधिकार भएकोले आवश्यक विधि निर्माण गर्ने दायित्व विधायिकाको भएको हुँदा कानून निर्माणको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट विधायिकी प्रक्रिया पूरा गरी विधेयक प्रस्तुत गर्न।

(६) विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार प्रदान गर्ने प्रयोजनका लागि उनीहरूको वास्तविक विवरण संकलन गर्न दर्ता प्रक्रिया तत्काल सुरू गरी आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकहरूले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउन।

यसरी सर्वोच्च अदालतले विदेशमा अवस्थित नेपाली नागरिकता भएका नेपालीहरूको मतदानको अधिकार सुनिश्चित गर्नका लागि विभिन्न सम्बन्धित निकाय तथा माध्यमहरूमा निदेशन दिएको छ। यो निर्देशनबमोजिम वि.सं. २०७९ सालको निर्वाचनमा गैर आवासीय नेपालीलाई समावेश गरिएको छैन।

### ५.३.२ युवराज सफल विरुद्ध रवि लामिछाने समेत[६२]

---

[६२] ने. का. प. २०७९, ०७९-WC-००३६।

यो मुद्दामा संवैधानिक इजलासले प्रत्यार्थीले नेपाली नागरिकता ग्रहण नगरी राजनीतिक अधिकार प्राप्त भएको हुँदा, प्रत्यार्थीले उपभोग गरिरहेको राजनीतिक अधिकारलाई बदर ठहर गरेको छ।

फैसलाको पूर्णपाठमा अदालतले वर्तमान समयमा उल्लेख्य सङ्ख्याका नेपाली नागरिकहरू विश्वका कतिपय मुलुकमा विचरण गरेका, स्थायी रूपमा विदेशमा बसोबास गरेका, अध्ययनरत रहेका, विविध व्यवसाय वा रोजगारीमा संलग्न रहेका, आफ्नो उज्ज्वल भविष्य निर्माणका लागि सिर्जनशील परिश्रम गर्न गएका र कालान्तरमा नेपाल फर्की आउने मनसाय राखेको कुरा एउटा व्यवहारिक यथार्थ बनेको विषय उल्लेख गरेको छ।

विदेशमा लामो समय स्थायी बसोबास गर्ने नेपाली नागरिकले सोही देशको कानूनको अधीनमा रही त्यस्तो स्थायी बसोबास गरेको मुलुकको नागरिकता समेत लिएको वा लिन सक्ने अवस्थाको सान्दर्भिकतालाई पनि यस फैसलामा जोड दिइएको छ।

फैसलामा कुनै नेपाली नागरिक अर्को मुलुकको नागरिक हुने स्थिति आएमा त्यस्ता व्यक्तिले गैरआवासीय नेपालीको रूपमा मान्यता पाउने अवस्था रहने उल्लेख गरेको छ। गैरआवासीय नेपालीहरूमा रहेको ज्ञान, सीप, अनुभव, पुँजी र प्रविधिको उपयोग नेपाल राष्ट्रका लागि पनि महत्त्वपूर्ण र लाभदायी हुन सक्ने भनी यस विषयको औचित्यता पनि फैसलामा समावेश गरिएको छ।

संविधानको धारा १४ मा गैर आवासीय नेपालीलाई 'सङ्घीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैर आवासीय नागरिकता प्रदान गर्न सकिने' व्यवस्था गरिएको छ। हुँदा विदेशी नागरिकता कायम रहेको अवस्थाका गैर आवासीय नेपालीलाई नेपालको कानून अनुसार शासकीय पदमा निर्वाचित हुने राजनीतिक अधिकार भने प्राप्त हुँदैन। नेपालमा राजनीतिक अधिकार उपभोग गर्नका लागि विदेशी नागरिकता त्याग गरेर सोको निस्सा वा प्रमाण सहितको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पेस गरी आफ्नो पहिलेको नेपाली नागरिकता पुनः कायम गर्न आवश्यक हुन्छ भनी अदालतले विदेशी नागरिकता त्याग गरेको नागरिकले मात्र राजनीतिक अधिकार प्राप्त हुने विषय प्रष्ट पारेको छ।

## भाग ६

# गैर आवासीय नेपालीहरुको अधिकार कार्यान्वयनमा समस्या र सो को विश्लेषण

### ३.१ समस्याको फैलावट

ऐनद्धारा गठन भएको गैर आवासीय नेपाली संघको पछिल्लो तथ्याङ्क अनुसार ९७,१०० को सङ्ख्यामा बालिग गैर आवासीय नेपालीहरू संसारका ५३ वटा देशमा विभिन्न अवसर तथा सुविधाको खोजीमा आवास गरिरहेका छन्।[६३] चालु आर्थिक वर्षमा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि भएको छ।[६४] गृह मन्त्रालयबाट प्राप्त पछिल्लो विवरण अनुसार गैर आवासीय नागरिकता प्राप्त गर्ने नेपालीको सङ्ख्या २९४७ पुगेको छ भने १८६६ को सङ्ख्यामा नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र त्याग गरेका छन्। ७४ जिल्ला मध्ये प्राप्त विवरण अनुसार ६२ जिल्लाका गैर आवासीय नेपालीले नेपाली नागरिकताको प्रमाणपत्र त्याग गरेका छन् भने ६९ जिल्लाबाट गैर आवासीय नेपालीको नागरिकताको प्रमाणपत्र लिएका छन्। नेपाली नागरिकताको प्रमाणपत्र त्याग गर्ने र गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको विवरण अनुसूची — १ र अनुसूची — २ मा संलग्न छन्। यो तथ्याङ्कले नेपालमा प्रायः सबै जिल्लामा आप्रवासनको प्रभाव परेको देखिन्छ र यो समस्या देशव्यापी भएको बुझ्न सकिन्छ।

सकरात्मक रूपबाट हेर्दा विप्रेषणको आप्रवाह बढ्नमा गैर आवासीय नेपालीको उल्लेख्य योगदान छ। वैदेशिक लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५ मा विदेशी लगानीकर्ताको परिभाषामा गैर आवासीय नेपाली पनि उल्लेख गरिएको छ। यस्तो अवस्थामा सीमित पुँजी र स्रोत भएको नेपालमा गैर आवासीय नेपालीको पुँजी, स्रोत, अनुभव र सीपको उपयोगिताको मार्ग प्रशस्त गर्न आवश्यक देखिएको छ। यस्तो ठूलो सङ्ख्यामा विभिन्न विधामा उपलब्धिहरू हासिल गरिरहेका गैर आवासीय नेपालीहरूले आफूले आर्जन गरेको सम्पत्ति नेपालको नवप्रवर्तन विकासमा लगानी गरिरहेका छन्।

[६३] Non-Resident Nepali Association (NRNA), "प्रारम्भिक मतदाता,"NRNA, nrna.org/resource/प्रारम्भिक-मतदाता/ (last visited: March 22, 2024).

[६४] फागुन मसान्तसम्मको, आर्थिक सर्वेक्षण २०८०/८१।



नेपाल कानून आयोग

विभिन्न क्षेत्रमा परोपिकारी कार्यहरूमा सक्रिय रूपमा कार्यरत छन्। सहजीकरणको लागि कानूनी व्यवस्थाहरू भएता पनि सङ्कुचित भएकाले पूर्ण क्षमतामा कार्य गर्न नसकेको भनी पटक पटक गैर आवासीय नेपालीहरूबाट गुनासो गरिरहेका छन्। दोहोरो नागरिकताको लागि आवाज उठाइरहेको अवस्थामा पछिल्लो समयमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ८क. मार्फत गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नसक्ने व्यवस्था संशोधन गरिएको छ। सर्वोच्च अदालतले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार दिन नेपाल सरकार र निर्वाचन आयोगको नाममा निर्देशनात्मक आदेश पनि जारी गरेको थियो।[६५]

यसरी कानूनी व्यवस्था परिमार्जन गरी गैर आवासीय नेपाली नागरिकता प्रमाणपत्र जारी गरे तापनि अधिकार उपभोग गर्दा समस्या देखिएको छ। जस्तै; सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ मा सवारी दर्ता गर्ने सम्बन्धी व्यवस्था नेपाली नागरिकता उपलब्ध भएका व्यक्तिको हकमा मात्र सवारी दर्ता गर्न सक्ने उल्लेख गरेको छ। गैर आवासीय नेपाली नागरिकताको आधारमा सवारीचालक अनुमतिपत्र लिन मिल्ने व्यवस्था गरिएको छैन। वास्तविक रूपमा गैर आवासीय नेपाली नागरिकता कति क्रियाशील (functional) हुने भन्ने विषय प्रष्ट छैन। यस्ता धेरै समस्याहरू यस अध्ययनको आगामी पृष्ठहरूमा उल्लेख गरिएका छन्।

### ६.२ समस्याको प्रभाव विश्लेषण

नेपाल कानूनमा कतैपनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई परिभाषा वा सूचीबद्ध गरेको पाइएको छैन। मानव अधिकार परिषद्का अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अन्तर्गत पर्याप्त आहार, पर्याप्त वासस्थान, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सांस्कृतिक क्रियाकलापमा सरिक हुन, खानेपानी तथा सरसफाई र रोजगारीको अधिकार पर्दछन्।[६६] यस अर्थमा गैर आवासीय नेपालीले माग गरेको सम्पत्ति सम्बन्धी अधिकारको मातहतमा रही के-के अधिकार प्रदान गर्न सकिन्छ भनी सूचीबद्ध गर्न आवश्यक देखिएको छ।

---

[६५] ने.का.प. २०७५, निर्णय नं., १००३९, भाग ६०, अंक ६।

[६६] https://www.ohchr.org/en/human-rights/economic-social-cultural-rights (accessed on 6th May 2024.)

नेपालको संविधानको धारा १४ ले गरेको व्यवस्थाका आधारमा नेपाल नागरिकता ऐन, २०६३ मा आवश्यक संशोधन पश्चात् गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रादन गर्ने कानूनी आधार तयार भएको छ जसको आधारमा केही सङ्ख्यामा गैर आवासीय नेपालीले नागरिकताको प्रमाणपत्र प्राप्त गरेका छन्। परोक्ष रूपमा हेर्दा यसरी गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र कस्तो प्रकारको नागरिकता हो भनी गैर आवासीय नेपालीको पनि अन्यौलता छ। मुख्यतः गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने आधार तयार भए पनि राजनीतिक बाहेकका अन्य हक अधिकार खासगरी आर्थिक अधिकारको प्रयोगमा पुनः कानूनी र व्यवहारिक समस्याहरू रहेको भनी विभिन्न सरकारी निकायहरूबाट जानकारी प्राप्त भएको छ।

गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त भए पछि पनि देहायका अधिकार प्रयोग गर्न समस्या रहेकोले सो विषयहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ–

(क) सम्पत्ति सम्बन्धी अधिकार उपभोग गर्न समस्या : गैर आवासीय नेपालीलाई सम्पत्तिको सम्बन्धी अधिकार उपभोगमा अन्यौलता देखिएको छ। अंशको हक परिवारका सबै सदस्यलाई बराबर हुन्छ तर विदेशमा नागरिकता प्राप्त गरेको परिवारको सदस्यलाई मालपोत नियमावली, २०३६ र गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ मा भएको हदबन्दी पर्याप्त नहुने देखिएको छ। मुलुकी देवानी संहिता, २०७४ मा गैर आवासीय नेपालीले अचल सम्पत्ति नामसारी, दर्ता गर्न वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न पाउने व्यवस्था छ। अपुताली सम्बन्धी विदेशी व्यक्तिको हकमा भएको व्यवस्था गैर आवासीय नेपालीको हकमा समेत लागु हुने देखिन्छ। यसर्थ, सम्पत्ति सम्बन्धी गैर आवासीय नागरिकताप्राप्त नेपालीलाई विषेश सहुलियतहरू देखिँदैन। कानूनहरू बाझिएको पाइएको छ।

(ख) गैर आवासीय नागरिकताको आधारमा बैङ्क खाता खोल्न समस्या : भारतमा केन्द्रिय बैङ्कले गैर आवासीय भारतीयका लागि विशेष प्रकृतिका खाता सञ्चालन गर्नका लागि निर्देशनहरू दिएको पाइएको छ। त्यही निर्देशनको आधारमा गैर आवासीय भारतीयहरूले

भारतमा वा विदेशमा बसी विभिन्न वित्तीय सेवाहरू उपभोग गरिरहेका छन्। नेपालमा त्यसरी गैर आवासीय नेपालीको लागि खास प्रकृतिको बैङ्क खाता खोल्न निर्देशनहरू बनिसकेको छैन। नेपालमा विदेशी मुद्रा सञ्चितिको अवस्था नाजुक बन्दै गएको समयमा गैर आवासीय नेपालीले विदेशी मुद्रामा खाता खोल्न सक्ने व्यवस्था गरेको छ। कानूनमा गैर आवासीय नेपालीले विदेशी परिवर्त्य मुद्रामा मुद्दती निक्षेप र बचत निक्षेप खाता सञ्चालन गर्न सक्ने व्यवस्था भएता पनि तर गैर आवासीय नेपाली नागरिकता भएको गैर आवासीय नेपालीलाई हुने छुट वा सुविधाको विषयमा मौन छ। नेपाल राष्ट्र बैङ्कबाट अद्यावधिक रूपमा जारी हुने एकीकृत परिपत्रमा यो विषय सम्बोधन हुन आवश्यक देखिन्छ।

(ग) <u>नेपालको नागरिकता त्याग गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्ने प्रक्रियामा समस्या</u> : गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न पनि सजिलो छैन। गैर आवासीय नेपालीको नेपाली नागरिकता त्याग गरी विदेशी नागरिकता प्राप्त गरेको विवरण निज आफैंले बुझाउन पर्ने हुन्छ। विदेशमा अवस्थित नियोगहरूमा यस विषयमा तथ्याङ्क नहुँदा र नेपालमा रहेका निकायले पनि यस विषयमा चासो नराखेको हुँदा, यो सुविधालाई छिटो छरितो रूपमा लिनलाई समस्या भईरहेको छ।

(घ) <u>लगानी प्रत्यावर्तन</u> : गैर आवासीय नेपालीलाई विदेशी लगानीकर्ताको परिभाषामा समेटेको हुँदा गैर आवासीय नेपालीले लगानी गर्न सकिने विषय सीमित छ। नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनहरूमा पनि परिवर्त्य विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्थामा गैर आवासीय नेपालीले गरेको लगानी प्रत्यावर्तनको विषय समेटेको पाइएको छैन।

(ङ) <u>अचल सम्पत्ति खरिद बिक्री — खासगरी अचल सम्पत्ति बिक्री</u> : गैर आवासीय नेपालीले खरिद गर्न सक्ने जग्गाको हदबन्दी तोकिएको छ। उक्त हदबन्दी अनुसारको अचल सम्पत्ति बिक्री गर्न समस्या देखिएको छ। ऐन तथा नियमावलीमा सम्पत्ति प्रष्ट रूपमा खरिद गर्न सकिने व्यवस्था छ तर अचल सम्पत्ति बिक्री गर्नका लागि कानूनमा लिखबद्ध रूपमा पाइएको छैन। नेपालीको हैसियतमा गैर आवासीय नेपाली हुनु अवागै हदबन्दी भन्दा बढी



नेपाल कानून आयोग

जग्गा भएको अवस्थामा पनि गैर आवासीय नेपालीले अचल सम्पत्ति बिक्री गर्न मिलेको छैन। नेपालमा भएको अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम आफू स्थायी बसोवास गरेको देशमा लैजान सकिने व्यवस्था पनि कानूनमा नभएकाले समस्या भईरहेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्रकाशन भएको जग्गा प्रशासन निर्देशिकामा भएको जग्गा सम्बन्धी कार्यविधि[६७] परिच्छेद संशोधन हुन आवश्यक छ। उक्त कार्यविधिमा समय सान्दर्भिक गैर आवासीय नेपालीले जग्गाको विषयमा भोग्नु परिरहेको समस्याका विषय पनि अन्य विषय सरह समाधान सहित उल्लेख गर्नुपर्ने देखिन्छ।

(च) <u>रोजगारी</u> : नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हक नागरिकको लागि मात्र सुनिश्चित गरेको हुँदा गैर आवासीय नागरिकताका आधारमा रोजगारीको हक प्राप्त हुने वा नहुने विषय अस्पष्ट र अन्यौल छ। नेपालको संविधानको धारा १४ ले गैर आवासीय नेपालीको प्रमाणपत्र प्राप्त व्यक्ति आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार योग्य हुने मान्यता राखेको छ। नेपालको संविधानको धारा २९१ मा संविधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने पदमा निर्वाचित, मनोनीत वा नियुक्तिको लागि विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिक योग्य नहुने विषय उल्लेख छ।

निजामती सेवा ऐन, २०४९ ले निजामती कर्मचारीले विदेशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन पनि वञ्चित गरेको छ।[६८] कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन दिएको विषयको स्वयम् घोषणा गरी कार्यालयमा पेस गर्नुपर्ने प्रावधान रहेको छ।[६९] स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएको अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिने व्यवस्था भएको हुँदा

[६७] जग्गा प्रशासन कार्यविधि, पृष्ठ १८-३९, https://dolma.gov.np/uploads/document/m_118_678010_1497000866.pdf
[६८] दफा ४९ख., निजामती सेवा ऐन, २०४९।
[६९] दफा ६१ख, निजामती सेवा ऐन, २०४९।

स्थायी आवासीय व्यक्तिलाई नेपालमा सार्वजनिक पदमा रोजगार प्राप्त गर्न वञ्चित गरेको छ।[७०]

(छ) <u>सेयर खरिद बिक्री</u> : गैर आवासीय नेपालीहरुलाई धितोपत्रको दोस्रो बजारमा लगानीको शर्त तथा सीमा नतोकी भित्र्याईएको अवस्था छ। क्षणिक रूपमा फाइदाजनक देखिए तापनि बजारमा उनीहरूको हिस्सा बढ्न गई लगानी फिर्ता लैजादा बजार र अर्थतन्त्र प्रभावित हुने र विदेशी विनिमय भूक्तानीमा समेत असर पर्ने समस्या देखिन्छ।[७१]

(ज) <u>भिसा/ प्रवेशाज्ञा</u> : गैर आवासीय नागरिकता प्राप्त भए तापनि भिसा अवधि समाप्त भएपश्चात् जरिवाना तिर्नु परेको अवस्था छ। गैर आवासीय नेपालीले बहुप्रवेशी भिसाका लागि बार्षिक एक सय अमेरिकी डलर बराबरको नेपाली मुद्रा र अध्ययन गर्न आउने गैर आवासीय नेपाली विद्यार्थीका हकमा बार्षिक पच्चीस अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तुर सम्बन्धित निकायमा बुझाउनुपर्ने हुन्छ।[७२]

(झ) <u>सवारी चालक अनुमतिपत्र सम्बन्धी</u> : गैर आवासीय नागरिकताको आधारमा नेपाली नागरिक सरह सवारीचालक अनुमतिपत्र दिने व्यवस्था कानूनमा शून्यता छ। सवारी तथा यातायात व्यवस्थापन ऐन २०४९ मा गैर आवासीय नेपालीको अधिकारको विषय उल्लेख गरिएको छैन। यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०७४ मा गैर नेपाली नागरिकहरूले आफ्नो पासपोर्टको प्रतिलिपि, कम्तिमा ६ महिना म्याद भएको भिसा र नेपालमा बस्नुपर्नाको यथोचित कारणसमेत खुलाई सम्बन्धित स्थानीय तहले प्रमाणित गरिदिएको सक्कल पत्र

---

[७०] दफा ६१, निजामती सेवा ऐन, २०४९।

[७१] गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्राउने सम्बन्धमा अध्ययन गर्न गठित समितिको अध्ययन प्रतिवेदन, पृष्ठ २१।

[७२] अनुसूची ९ को क्र.सं. ७, अध्यागमन नियमावली, २०५१।

बुझाई दरखास्त बुझाउन सकिने व्यवस्था गरेको छ।[७३] तर गैर आवासीय नेपालीको विषयमा केही उल्लेख भएको छैन।

(ञ) <u>गैर आवासीय नेपालीलाई सुपुर्दगी गर्ने सम्बन्धमा</u> : गैर आवासीय नेपालीहरू ठूलो सङ्ख्यामा विदेशमा रहँदा केही गैर आवासीय नेपाली गैरकानूनी कार्यमा सरिक भई कानूनी प्रक्रियामा अल्झने अवस्था पनि सिर्जना हुनसक्दछ। यस्तो अवस्था समाधन गर्ने वा न्यूनीकरण गर्ने उपायहरूको विषयमा पनि कानून मौन छ।

(ट) <u>गैर आवासीय नेपालीको परिभाषाको विस्तृतीकरण</u> : विदेशी अभ्यास हेर्दा गैर आवासीय नागरिकको परिभाषाले विभिन्न विधामा विभाजन गरिएको पाइन्छ। जस्तै ; भारतमा नै पनि भारतका विदेशी नागरिकको परिचयपत्र प्राप्त गर्ने व्यक्ति र गैर आवासीय भारतीय भनी विभाजन गरिएको छ। विभाजन अनुसारको हक अधिकार छुट्याइएको छ। वर्तमान अवस्थामा, नेपालबाट अध्ययन अध्यापन गर्ने प्रयोजनका लागि ठूलो सङ्ख्यामा विदेशीएका नेपाली विद्यार्थीहरूले विदेशमा रहँदा गैर आवासीय नागरिकता प्राप्त गरी सोको सुविधा तथा सहुलियत उपभोग गर्न पाउनुपर्छ भनी माग भइरहेको अवस्था छ। तर गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को परिभाषामा विद्यार्थी वर्गलाई समेटेको छैन। ऐनको परिभाषालाई विस्तृत गर्न आवश्यक देखिएको छ।

(ठ) <u>गैर आवासीय नेपालीलाई पदयात्रा शुल्क लिने विषय</u> : नेपालमा अवस्थित विभिन्न पर्यटन गन्तव्यहरूमा प्रवेश शुल्क तोकिएको छन्। पर्यटन गन्तव्य तथा क्रियाकलाप गर्नका लागि गैर आवासीय नेपाली नागरिकले विदेशी नागरिक सरहको प्रवेश शुल्क तिर्न परेको छ। अध्यागमन नियमावली, २०५१ मा उल्लिखित पदयात्राको विषयमा गैर आवासीय नेपाली

[७३] यातायात व्यवस्थापन कार्यविधि निर्देशिका,२०७४, परिच्छेद — ४, सवारी चालक अनुमतिपत्र वितरण सम्बन्धी कार्यविधि, पृष्ठ ७३। https://dotm.gov.np/Files/d9b65745-38ea-4773-a4f4-db8607d5d859_8586.pdf



नेपाल कानून आयोग

नागरिकको विषय खुलेको छैन।[७४] गैर आवासीय नेपाली नागरिकले विदेशी सरह नै पदयात्राको अनुमतिपत्र लिई विदेशी सरहको दस्तुर तोकिएको विषयले गैर आवासीय नेपाली नागरिक र विदेशी नागरिकमा फरक नरहेको जस्तो अन्यौलता देखिएको छ।

नेपाल कानून आयोग

[७४] परिच्छेद - ३, अध्यागमन नियमावली, २०५१।

# भाग ७
# निष्कर्ष तथा सुझाव

## ७.१ निष्कर्ष

गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ ले केही निश्चित अधिकारहरू दिएको छ र यि अधिकारहरू वर्तमान संविधान जारी हुनु अघि नै निर्माण भएको र उक्त ऐनमा गैर आवासीय नागरिकताको परिकल्पना गरिएको छैन्। गैर आवासीय नेपालीलाई गैर आवासीय नेपाली प्रमाणपत्र प्रदान गर्न र सोको आधारमा केही निश्चित् कानूनी अधिकारका विषय उक्त ऐनमा उल्लेख गरिएको छ। तर कार्यान्वयनको पक्ष त्यति प्रभावकारी रहेको छैन् भन्ने धारणा गैर आवासीय नेपालीको रहेको छ।

नेपालको संविधानको धारा १४ले गैर आवासीय नागरिकहरूलाई राजनीतिक बाहेकका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सहितको गैर आवासीय नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ। तर ति अधिकारहरू के कस्तो प्रकृतिको हुने भन्ने विषयलाई नागरिकता ऐनले स्पष्ट गरेको छैन्।

संविधानको धारा १४ कार्यान्वयन गर्नका लागि नागरिकता ऐन २०६३ मा संशोधन गरी केही नयाँ दफाहरू थप गरिए पनि ती दफाहरूमा रहेको प्रावधानले गैर आवासीय नेपालीले के कसरी गैर आवासीय नेपालीको नागरिकताको प्रमाणपत्र प्रप्त गर्न सक्छन् भन्ने विषयमा प्रक्रियागत जानकारी दिएको तर गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिको हक अधिकारको सम्बन्धमा ऐनले स्पष्ट नगरेको हुँदा उनीहरूको अधिकारको विषयमा थप अन्योलग्रस्त अवस्था सृजना भएको छ।

मूलतः गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ ले गैर आवासीय नेपालीले परिचयपत्र प्राप्त गरेपछि प्राप्त हुने अधिकारको सूची दिएको छ। गैर आवासीय नेपालीको नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिले र गैर आवासीय नेपाली परिचयपत्र प्राप्त गरेको व्यक्तिले उक्त अधिकार प्राप्त गर्न

पनि कानूनी समस्या भएको बुझाइ छ। यस्तो प्रकारको नागरिकता प्राप्ति पश्चात् राजनीतिक बाहेकका अन्य अधिकार स्वतः नेपाली नागरिक सरह प्राप्त हुने गैर आवसीय नेपालीहरूको बुझाइ रहेको छ। तर नेपाल ऐनमा नेपाली नागरिकले मात्र प्राप्त गर्ने अधिकार गैर आवासीय नेपालीका हकमा पनि समानरूपमा लागू हुने अर्थमा बुझ्न र कार्यान्वयन गर्न सकिदैन भन्ने कानून कार्यान्वयन गर्ने निकायहरूको धारणा रहेको छ ।

गैर आवासीय नेपाली नागरिकको हैसियतले प्राप्त हुने आर्थिक समाजिक लगायतका अधिकार र हकलाई नेपाल कानूनद्वारा नै स्पष्ट र परिभाषित गर्न आवश्यक छ। संविधानले आर्थिक अधिकार दिने भन्ने सैद्धान्तिक आधार तयार गरेको छ तर सबै प्रकारका आर्थिक अधिकार प्राप्त गर्ने सन्दर्भमा प्रशस्त कानूनी जटिलताहरू रहका छन्।

त्यसैले समस्याको गहिराइ र मात्रालाई गहनरूपमा विश्लेषण गर्न जरूरी भएको छ। सम्पत्तिमा अंशको हक वा अपुतालीको विषयलाई उदाहरणका रूपमा लिन सकिन्छ। कुनै नेपाली बाबु आमाका नेपाली नागरिक सन्तान र गैरनेपाली नागरिकता प्राप्त सन्तानले अंश र अपुतालीमा समान हक हुने हो वा होइन भन्ने प्रश्न माथिका सन्दर्भमा पनि विवेचना गर्न आवश्यक हुन्छ।

संविधानको दायरा र भावनालाई मूर्तरूप दिन मौजुदा कानूनमा आवश्यक संशोधन गर्न आवश्यक हुन्छ।

## ७.२ सुझाव

गैर आवसीय नेपालीले सम्पत्ति सम्बन्धी अधिकार माग गरे तापनि संविधानले स्पष्ट रूपमा त्यस्तो अधिकार तोकेको पाइदैन। नेपालको संविधानको धारा २५ मा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने उल्लेख गरी सम्पत्ति सम्बन्धी अधिकार नेपाली नागरिकका लागि मात्र सिमित गरिएको पाइयो। संविधानको धारा १४ मा गैर आवासीय नेपाली नागरिकता प्राप्त

नेपाल कानून आयोग

गरेको व्यक्तिलाई सङ्घीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने हक उल्लेख गरेको छ तर सङ्घीय कानूनमा पनि अस्पष्टता देखिएको छ।

सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीको महासन्धि १९६६ मा सम्पत्ति सम्बन्धी अधिकार उल्लेख गरेको देखिन्छ। तर सन् १९६६ कै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी महासन्धिमा आर्थिक अधिकार अन्तर्गत रहेर हेर्दा उक्त सम्पत्ति सम्बन्धी अधिकार कतै उल्लेख भएको पाइएको छैन। यो महासन्धिले लगानी प्रत्यावर्तनको व्यवस्था भने समेटेको पाइएको छ।

अन्तर्राष्ट्रिय कानूनले नै सम्पत्तिको अधिकारलाई आर्थिक अधिकार अन्तर्गत नराखेको अवस्थामा गैर आवासीय नेपालीलाई सम्पत्तिको अधिकार प्रदान गर्नु अन्तर्राष्ट्रिय कानूनसँगको तादम्यता नभएको देखिन्छ। यो समस्याको निर्क्योल गर्न संविधानमा भएका सम्पत्ति सम्बन्धीका प्रावधानलाई नै विवेचना गर्न अपरिहार्य दखिएको छ। अन्तर्राष्ट्रिय कानूनले सम्पत्ति सम्बन्धी अधिकारलाई राजनीतिक हक अन्तर्गत राखेको सन्दर्भमा नेपालका प्रचलित कानूनमा समेत आर्थिक अधिकारले कुन-कुन विषयलाई समेट्छ भन्ने विषयलाई सूचीबद्ध गरी व्याख्या गर्न मनासिब देखिन्छ।

सङ्घीय कानूनमा देखिएका क्लिष्टता हटाई कानूनमा सुधार गर्नका लागि केही नेपाल कानूनलाई संशोधन गर्न आवश्यक देखिएको छ। गैर आवासीय नेपाली नागरिकताको आधारमा देहायका कामकारबाही गर्न पाउने गरी देहायमा उल्लेख भएका कानूनहरू यथोचित रूपमा यथास्थानमा संशोधन गर्न आवश्यक छ—

| क्र. सं. | क्रियाकलाप/विवरण | संशोधन र परिमार्जन गर्नुपर्ने सम्बद्ध कानून |
|---|---|---|

| | | |
|---|---|---|
| १. | विदेशी मुद्रामा तथा खाता खोल्ने बैङ्क खाता खोल्ने सम्बन्धमा | १. एकीकृत परिपत्र (१७/२०८०) विदेशी मुद्रामा खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाको दफा ४<br>२. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ६ |
| २. | जग्गा जमिन लगायत अचल सम्पति खरिद बिक्री | १. मुलुकी देवानी संहिता, २०७४ को लिखत पारित सम्बन्धी परिच्छेदमा संशोधन गर्न आवश्यक<br>२. भूमि सम्बन्धी ऐन, २०२१ तथा नियमहरू, २०२१<br>३. मालपोत ऐन, २०३४ तथा नियमावली, २०३६<br>४. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १०<br>५. जग्गा (रजिष्ट्रेशन) पारित सम्बन्धी व्यवस्था संशोधन हुन आवश्यक |
| ३. | सम्पत्ति बिक्रीबाट प्राप्त रकम प्रत्यार्वतन गर्ने | १. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐन, २०७५ को दफा २०<br>२. एकीकृत परिपत्र (०७/२०८०) विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्थाको दफा १४<br>३. गैर आवासीय नेपाली सम्बन्धी ऐन, |



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | २०६४ को दफा ९ |
| ४. | सवारी चालक अनुमतिपत्र | १. यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०७४ को परिच्छेद ४, सवारी चालक अनुमतिपत्र वितरण र सवारी खरिद सम्बन्धी कार्यविधि<br>२. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्था राख्न आवश्यक |
| ५. | प्रवेशआज्ञा, भिसा शुल्क र सो सम्बन्धी अन्य व्यवस्था | १. अध्यागमन नियमावली, २०५१ को नियम ३१<br>२. गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ११ र गैर आवासीय नेपाली सम्बन्धी नियमावलीको नियम ११ |
| ६. | परिभाषा विस्तृतीकरण | १. गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (क), (ख) र (ग) |
| ७. | कम्पनी फर्म संस्थापना र व्यवसाय दर्ता र सञ्चालन | १. बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३<br>२. प्राइभेट फर्म रजिष्ट्रेशन सम्बन्धी नियमावली, २०३४ |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | ३. कम्पनी ऐन, २०६३<br>४. औद्योगिक व्यवसाय ऐन, २०७६<br>५. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ७ |
| ८. | निजी क्षेत्रमा रोजगारी | १. श्रम ऐन, २०७४ |
| ९. | सपुर्दगी | १. सपुर्दगी ऐन, २०७० |
| १०. | परित्याग तथा प्राप्तिको प्रक्रियालाई सरलीकरण गर्न पर्ने | १. नेपाल नागरिकता ऐन, २०६३ को दफा ७क. र दफा ११<br>२. नेपाल नागरिकता नियमावली, २०६३ को नियम ९ |
| ११. | गैर आवासीय नेपालीलाई लिइने पदयात्रा शुल्क नेपाली नागरिक सरह हुन पर्ने | १. अध्यागमन नियमावली, २०५१ को परिच्छेद - ३ |
| १२. | गैर आवासीय नेपालीलाई लिइने आन्तरिक हवाई शुल्क नेपाली नागरिक सरह हुन पर्ने | १. नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निर्णय गर्न आवश्यक |

माथि उल्लिखित बाहेक गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका नेपालीहरूको लागि व्यावसायिक कानूनहरूमा संशोधन गर्न आवश्यक दखिएको छ। प्राइभेट फर्म रजिष्ट्रेशन सम्बन्धी नियमावली, २०३४ मा संशोधन गरी प्राइभेट फर्म दर्ता गराउन चाहने गैर आवासीय नेपालीले गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रमार्फत दरखास्त गर्नसक्ने व्यवस्था थप गर्न

आवश्यक देखिएको छ। गैर आवासीय नागरिकले सेयर खरिद बिक्री प्रयोजनका लागि सञ्चालन गर्ने खाताको विषयमा नेपाल राष्ट्र बैङ्कले फरक प्रकृतिको खाता खोल्ने विषयमा व्यवस्था गर्न आवश्यक देखिन्छ। यसको लागि भारतको केन्द्रिय बैङ्कले जारी गरेको निर्देशिकाहरू अध्ययन गर्न सकिन्छ। इच्छुक गैर आवासीय नेपालीले विदेशी मुद्रामा लगानी गरी नेपालको व्यवसायमा आबद्ध हुन सक्ने सुविधा सम्बन्धी कानूनमा स्पष्ट व्यवस्था हुन आवश्यक देखिएको छ।

विदेशी लगानीकर्ता सरह, लगानी प्रत्यावर्तनको सुविधा भएका गैर आवासीय नेपालीबाट प्रभावकारी सङ्ख्यामा लगानी बढाउनको लागि पनि यस विषयमा गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ र गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ मा प्रष्ट व्यवस्था हुनुपर्ने देखिन्छ। लगानी प्रत्यावर्तन गर्न सहज भएमा धेरै सङ्ख्यामा लगानी भित्र्याउन सकिने हुँदा, भारतमा जस्तै प्रत्यावर्तनको उद्देश्यको लागि विदेशमा बसेर पनि नेपालको बैङ्कमा परिवर्त्य खाता सञ्चालन गरी सोही खाताबाट लगानी तथा कारोबार गर्न सक्ने गरी प्रबन्ध मिलाउन आवश्यक देखिन्छ। यसका साथै, गैर आवासीय नेपालीले कानूनी रूपमा आर्जन गरेको मुनाफा रकम मात्र प्रत्यावर्तन गर्ने अवस्था सुनिश्चित गर्न उपयुक्त देखिन्छ। लगानीबाट आएको रकम मात्र प्रत्यावर्तन गर्न सकिने व्यवस्था कानूनमा प्रष्ट व्यवस्था हुन आवश्यक देखिएको छ।

गैर आवासीय नेपाली नागरिकलाई केही सेवा सुविधाहरू शीघ्र उपलब्ध गराउन सकिन्छ। जस्तै; नेपाली नागरिक सरह सवारी चालक अनुमतिपत्र प्राप्त गर्न सकिने व्यवस्था, नेपाल प्रवेश तथा बहिर्गमन गरेको प्रमाण रहने सुनिश्चित प्रवेशाज्ञामा छुट, विभिन्न निकाय अन्तर्गतका प्रवेश शुल्कहरूमा नेपाली नागरिकलाई उपलब्ध भए सरहको सुविधा। स्पष्ट कानूनी प्रावधान आवश्यक भएका विषयहरू जस्तै; अचल सम्पत्ति खरिद बिक्रीमा सीमा तोक्ने विषय, जग्गावाला व्यक्ति गैर आवासीय नेपाली नागरिक पनि हुन सक्ने विषय, नेपालमा निजी रोजगार गर्न खोज्ने गैर आवासीय नेपाली नागरिकलाई श्रम अनुमति आवश्यक नहुने विषयहरूमा तत्काल सम्बोधन हुन जरूरी देखिएको छ।

अतः गैर आवासीय नेपाली नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई कार्यान्वयन योग्य बनाउन ती अधिकारहरूलाई माथि तालिकामा उल्लेख भए जस्तै सूचीबद्ध गरी गैर आवासीय



नेपाल कानून आयोग

नेपाली सम्बन्धी ऐन २०६४ र अन्य सम्बद्ध ऐनहरूलाई संशोधन र परिमार्जन गर्न आवश्यक छ। यसरी गैर आवासीय नेपाली नागरिकलाई संविधानमा उल्लेख भए बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रदान गर्ने गरी ठूलो सङ्ख्यामा कानूनमा संशोधन गर्नुपर्ने देखिन्छ। कानूनमा संशोधन गर्दा राष्ट्रिय स्तरमा पर्न सक्ने असरका विषयमा पनि विश्लेषण हुन आवश्यक हुन्छ।

नेपाल कानून आयोग

# सन्दर्भ सामग्री


१. नेपालको संविधान

२. नेपालको कानूनहरू :

- अध्यागमन ऐन, २०४९
- अध्यागमन नियमावली, २०५१
- गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४
- गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६
- भूमि सम्बन्धी ऐन, २०२१
- भूमि सम्बन्धी नियमहरू, २०२१
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल नागरिकता नियमावली, २०६३
- निजामती सेवा ऐन, २०४९
- बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- मालपोत ऐन, २०३४
- मुलुकी देवानी संहिता, २०७४
- विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन, २०७५
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१
- सपुर्दगी ऐन, २०७०
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- अध्यागमन नियमावली, २०५१
- प्राइभेट फर्म रजिष्ट्रेशन सम्बन्धी नियमावली, २०३४
- मालपोत नियमावली, २०३६
- नेपाल राष्ट्र बैङ्कबाट जारी भएको एकीकृत परिपत्र, २०८०
- नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३
- लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) निर्देशिका, २०६७
- यातायात व्यवस्थापन कार्यविधि निर्देशिका,२०७४

३. अन्तराष्ट्रिय कानूनहरू :

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६
- राज्यविहिन व्यक्तिहरूको स्थिति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९५४
- राज्यविहिन व्यक्तिहरूको सङ्ख्यालाई न्यूनिकरण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६१
- शरणार्थीको हैसियतसम्बन्धी महासन्धी, १९५१ र आलेख, १९६७

४. विदेशी राष्ट्रका कानूनहरू :

- भारत :
    - Constitution of India, 1949
    - The Citizenship Act, 1955
    - The Representation of the People Act, 1950
    - Income Tax Act, 1961
    - The Foreign Exchange Management Act, 1999.
    - Master Circular on Acquisition and Transfer of Immovable Property in India by NRIs/PIOs/Foreign Nationals of Non-Indian Origin, RBI/2011-12/4, Master Circular No.04/2011-12**.**
    - General Policy Guidelines relating to Indian Visa.

- बङ्गलादेश :
    - Constitution of People's Republic of Bangladesh
    - The Bangladesh Citizenship (Temporary Provisions) Order, 1972 (President's Order), President's Order No. 149 of 1972.
    - Foreign Exchange Regulation Guideline, Vol 1.

- श्रीलङ्का :
    - The Citizenship Act, 1948
    - Exchange Control Act No. 24, 1953.
    - Securities and Exchange Commission of Sri Lanka Act No. 36 of 1987.
    - Foreign Exchange Act No. 12 of 2017.

- Immigrants and Emigrants Act No. 20 of 1948.

- फिलिपिन्स :
    - The Constitution of the Republic of Philippines, 1987
    - Citizenship Retention and Re-acquisition Act of 2003 (Republic Act No. 9225)
    - Foreign Investments Act of 1991 (Republic Act No. 7042)

५. फैसलाहरू :

- अधिवक्ता प्रेमचन्द्र राई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं समेत (ने.का.प. २०७५, निर्णय नं., १००३९, भाग ६०, अंक ६)
- युवराज सफल विरुद्ध रवि लामिछाने समेत (ने. का. प. २०७९, ०७९-WC-००३६)

६. अनलाइन सामग्री :

- OHCHR, *The Rights of Non-citizens*, HR/PUB/06/11, ISBN-13: 978-92-1-154175-5, https://www.ohchr.org/sites/default/files/Documents/Publications/noncitizensen.pdf
- https://fwld.org/wp-content/uploads/2023/04/state-obligation-citizenship-Nepali-new.pdf.
- CCPR General Comment No. 27: Article 12 (Freedom of Movement) Adopted at the Sixty-seventh session of the Human Rights Committee, on 2 November 1999 CCPR/C/21/Rev.1/Add.9, General Comment No. 27. (General Comments) (Contained in document CCPR/C/21/Rev.1/Add.9)
- Vink, et. al. (2023). GLOBALCIT Citizenship Law Dataset, v2.0, Global Citizenship Observatory, https://hdl.handle.net/1814/73190.
- Government of India, https://www.mea.gov.in/images/attach/NRIs-and-PIOs_1.pdf.
- The Reserve Bank of India,

  https://www.rbi.org.in/commonperson/english/scripts/FAQs.aspx?Id=3.
- गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्राउने सम्बन्धमा अध्ययन गर्न गठित समितिको अध्ययन प्रतिवेदन।

- Central Bank of Bangladesh,

  https://www.bb.org.bd/aboutus/regulationguideline/foreignexchange/feguidevol1/14_d.pdf

- Commission on Filipinos Overseas, https://cfo.gov.ph/.

- https://www.nrb.org.np/contents/uploads/2024/01/06-208081_2080.09.26_Unified-Circular-2080.pdf.

- Non-Resident Nepali Association (NRNA), "प्रारम्भिक मतदाता,"NRNA, nrna.org/resource/प्रारम्भिक-मतदाता/ (last visited: March 22, 2024).

- फागुन मसान्तसम्मको, आर्थिक सर्वेक्षण २०८०/८१।

- गृह मन्त्रालयद्धारा प्राप्त भएको नेपाली नागरिकताको प्रमाणपत्र परित्याग गर्ने नेपालीहरूको विवरण (असार १०, २०८१ सम्मको)

- गृह मन्त्रालयद्धारा प्राप्त भएको गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपालीहरूको विवरण (असार १०, २०८१ सम्मको)

- https://www.ohchr.org/en/human-rights/economic-social-cultural-rights (accessed on 6th May 2024.)

नेपाल कानून आयोग

## अनुसूची - १

**गृह मन्त्रालयद्धारा प्राप्त भएको नेपाली नागरिकताको प्रमाणपत्र परित्याग गर्ने नेपालीहरूको विवरण**

(मिति २०८१।०३।१० सम्मको)

| जिल्लाको नाम | नेपाली नागरिकताको प्रमाणपत्र_परित्याग गर्ने नेपालीहरूको कुल संख्या |
|---|---|
| ललितपुर | १९४ |
| सुनसरी | १३२ |
| चितवन | १३१ |
| कास्की | ११८ |
| भक्तपुर | ११४ |
| झापा | १०२ |
| काठमाडौं | ८४ |
| पर्सा | ७२ |
| रुपन्देही | ६३ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ५८ |
| काभ्रेपलाञ्चोक | ५४ |
| गोरखा | ४२ |
| तनहुँ | ४१ |
| उदयपुर | ३८ |
| नुवाकोट | ३६ |
| पर्वत | ३४ |
| वैतडी | ३४ |
| ताप्लेजुङ | ३३ |
| लमजुङ | ३१ |
| बागलुङ | २९ |
| दार्चुला | २७ |
| धनकुटा | २६ |
| कन्चनपुर | २५ |
| संखुवासभा | २५ |
| स्याङ्जा | २४ |
| सोलुखुम्वु | २४ |

| | |
|---|---|
| दाङ | २० |
| सिन्धुली | २० |
| अर्घाखाँची | १७ |
| पाल्पा | १६ |
| सिन्धुपाल्चोक | १५ |
| मकवानपुर | १५ |
| रौतहट | १४ |
| इलाम | १४ |
| रामेछाप | १२ |
| बर्दिया | १२ |
| म्याग्दी | १२ |
| बाँके | ११ |
| मुस्ताङ् | ११ |
| मोरङ्ग | ८ |
| कैलाली | ७ |
| ओखलढुङ्गा | ७ |
| गुल्मी | ६ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ६ |
| धादिङ् | ६ |
| खोटाङ | ५ |
| कपिलवस्तु | ५ |
| रसुवा | ५ |
| डडेल्धुरा | ४ |
| रुकुम (पश्चिम भाग) | ४ |
| सप्तरी | ४ |
| रोल्पा | ४ |
| महोत्तरी | ३ |
| डोटी | २ |
| पाँचथर | २ |
| सल्यान | २ |
| सुर्खेत | १ |
| अछाम | १ |
| डोल्पा | १ |
| दोलखा | १ |



नेपाल कानून आयोग

| | |
|---|---|
| बाजुरा | १ |
| बझाङ | १ |
| सर्लाही | ० |
| सिरहा | ० |
| प्युठान | ० |
| रुकुम (पूर्वी भाग) | ० |
| भोजपुर | ० |
| धनुषा | ० |
| जुम्ला | ० |
| बारा | ० |
| हुम्ला | ० |
| मनाङ् | ० |
| दैलेख | ० |
| मुगु | ० |
| **जम्मा** | **१८६६** |

नेपाल कानून आयोग

## अनुसूची - २

**गृह मन्त्रालयद्धारा प्राप्त भएको गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपालीहरूको विवरण**

(मिति २०८१।०३।१० सम्मको)

| **जिल्लाको नाम** | **गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने नेपालीहरूको कुल सङ्ख्या** |
|---|---|
| काठमाडौं | ९८८ |
| ललितपुर | २३६ |
| कास्की | १८३ |
| चितवन | १७० |
| भक्तपुर | १२९ |
| झापा | १०१ |
| रुपन्देही | ९२ |
| मोरङ्ग | ८७ |
| गोरखा | ५४ |
| मकवानपुर | ५० |
| काभ्रेपालाञ्चोक | ५० |
| गुल्मी | ४८ |
| सोलुखुम्बु | ४७ |
| सुनसरी | ४४ |
| नुवाकोट | ४३ |
| स्याङ्जा | ४० |
| दाङ | ३७ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ३३ |
| म्याग्दी | ३२ |
| तनहुँ | ३१ |
| धादिङ | २८ |
| लमजुङ | २५ |
| पाल्पा | २३ |
| बागलुङ | २१ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १९ |



नेपाल कानून आयोग

| | |
|---|---|
| अर्घाखाँची | १८ |
| सर्लाही | १८ |
| पर्वत | १७ |
| सिन्धुली | १७ |
| इलाम | १६ |
| कैलाली | १६ |
| भोजपुर | १५ |
| कन्चनपुर | १४ |
| बारा | १३ |
| बाँके | १३ |
| संखुवासभा | १३ |
| धनुषा | १२ |
| बर्दिया | १२ |
| उदयपुर | १२ |
| दोलखा | ११ |
| रामेछाप | १० |
| सिन्धुपाल्चोक | ९ |
| सप्तरी | ९ |
| पर्सा | ९ |
| दैलेख | ८ |
| कपिलवस्तु | ८ |
| पाँचथर | ७ |
| डोटी | ७ |
| रुकुम (पश्चिम भाग) | ६ |
| ताप्लेजुङ | ६ |
| प्युठान | ५ |
| तेह्रथुम | ५ |
| सिरहा | ५ |
| ओखलढुङ्गा | ३ |
| खोटाङ | २ |
| धनकुटा | २ |
| डडेल्धुरा | २ |
| सुर्खेत | २ |
| महोत्तरी | २ |

नेपाल कानून आयोग

| | |
|---|---|
| दार्चुला | २ |
| रसुवा | २ |
| रुकुम (पूर्वी भाग) | १ |
| जुम्ला | १ |
| डोल्पा | १ |
| वैतडी | १ |
| बझाङ | १ |
| सल्यान | १ |
| मनाङ् | १ |
| अछाम | १ |
| **जम्मा** | २९४७ |

नेपाल कानून आयोग